नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६६ आश्विन पूर्णिमा – कतिं पुन्हि ३७ | अंक ६ | The Ananda Bhoomi (Year 37, Vol. 6)
बु.सं. २५५३ | ने.सं. ११२९ यँलागा/कौलाथ्व | A Buddhist Monthly : Oct./Nov. 2009



*प्रमुख सल्लाहकार:*
भिक्षु कुमार काश्यप महास्थविर (प्रमुख, आ.कु.वि.)
भिक्षु मैत्री महास्थविर (अध्यक्ष, आ.कु.वि.)

*सल्लाहकार:*
भिक्षु धर्ममूर्ति (सचिव, आ.कु.वि.गुठी)

*व्यवस्थापक*
भिक्षु सरणंकर
आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी:*
मिलन श्रेष्ठ, जुजुभाई तुलाधर, संघरत्न शाक्य

*वितरण तथा अर्थ*
भिक्षु पियदस्सी, भिक्षु नारद, भिक्षु शान्तकोशल

*लेखा व्यवस्थापन:*
भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन, स्वयम्भू

*आवरण सज्जा:*
फलसमान शाक्य

*सम्पादन सहयोगी:*
भिक्षु जनक, विश्व शान्ति विहार

*सम्पादक/प्रकाशन संयोजक:*
कोण्डन्य
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

*वितरणार्थ सहयोगीहरू:*
बुद्धजयन्ती समारोह समिति (श्रीघः), भिक्षु चन्दिमो, भिक्षु जवन, अ.इन्द्रावती, सत्यना शाक्य, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, शाक्य वाच शप-बनेपा, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बागलुङ्), विजय गुरूङ् (लमजुङ्), शेखर शाक्य (नारायणगढ) ।

*मुद्रण:*
डट्स प्रिन्टिङ् हाउस, प्रयागपोखरी, ललितपुर, फोनः २१२०२३५

*प्रकाशक:*
आनन्दकुटी विहार
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*


## बुद्धवचनामृत



**माता यथा नियं पुत्तं,**
**आयुसा एक पुत्तं मनुरक्खे ।**
**एवम्पि सब्ब भुतेसु,**
**मानसं भावे अपरिमानं ॥**

जसरी एउटी आमाले आफ्नो एक्लो सन्तानलाई आफ्नो जीउज्यानको रक्षा नगरी रक्षा गर्दछ, त्यसरी नै संसारका सबै सत्व प्राणीहरूलाई रक्षा गर्नुपर्दछ।

**– *मैत्री सूत्र***


*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@ntc.net.np


**वार्षिक रू. १५०/–    एकप्रति रू. १५/–    वार्षिक ग्राहक बनी सहयोग गरौं**

गताङ्कमा प्रकाशित



पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु
यहि नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4225625 / 4244173

बिश्व मोटर ट्रेडर्स
ख-२,४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फाय्क्स: ४२२१८५५
ईमेल: vmtautoparts@wlink.com.np

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टसहरु को लागि सम्पर्क गर्नुहोस् ।

## विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | भावनामय प्रज्ञा भनेको के हो ? | गोयन्का | ४ |
| २. | संसार | भिक्षु धर्ममुर्ति | ७ |
| ३. | कुशलता अंगाली मानमत्ता-रोग त्यागौं | कोण्डन्य | ९ |
| ४. | द्वन्द्व समाधान र शान्तिको लागि बुद्ध शिक्षा | शिशिल चित्रकार | १२ |
| ५. | हेराकाजी सुजिका र उनको असन्तुष्टि | सुनिल महर्जन | १५ |
| ६. | विरह-वन्दना | राजीव श्रेष्ठ | १६ |
| ७. | सद्धर्मअनुरूप शासनको निम्ति........ | लोकबहादुर शाक्य | १७ |
| ९. | अंगुलिमाल-४ | भिक्षु उत्तम, भिक्षु जनक | १९ |
| १०. | जीवनको यथार्थता - दुःख | भिक्षु जनक | २० |
| ११. | Dirty Controversy about Kapilvastu | H.L. Singh | २३ |
| १२. | बौद्ध गतिविधि | | २७ |

# सम्पादकीय

## हिंसा विमुक्त विजयोत्सव मनाऔं

मानव जीवनमा कुनै न कुनै जात्रापात्रा, रीतिथिति, संस्कृति, मनोरन्जन आदि पक्षले प्रभावकारी भूमिका निभाइराखेको हुन्छ । समाज, धर्म, जातीयता, क्षेत्रीयता आदिको प्रभावले संस्कृतिलाई दिशानिर्देश गरिरहेको हुन्छ । हाम्रो देश नेपालमा विविध धर्म, संस्कृति, जातजाति, भाषाभाषी, भेषभूषा, रहनसहनले भरिपूर्ण राष्ट्र हो । यहाँ हामीले अनेकतामा एकता, विविधतामा एकताको सूत्रले प्रभावकारी भूमिका निभाइराखेको अनुभूत गरिराखेका छौं । अझ परिवर्तित राजनैतिक परिवेशमा गणतान्त्रिकमूलक राष्ट्र नेपालमा राज्यको पुनःसंरचनार्थ संविधान निर्माणको यो संवेदनशील घडीमा राष्ट्र र जनताको दूरगामी भलोहित हुने जनमुखी संविधान लेखिनु सबैका लागि सुखकर विषय हुनसक्छ । धर्मनिरपेक्ष राष्ट्र नेपालमा राज्यले कुनैपनि धर्मलाई काखी नच्याप्ने, सबै धर्मलाई समान व्यवहार गर्ने नीतिनियम तर्जुमा गरिनु पर्छ । कसैलाई काखा त कसैलाई पाखाको नीति अवलम्बन गर्नु घातकसिद्ध हुनेछ । अब परिवर्तित राष्ट्र गणतन्त्र नेपालमा स्थापित धर्म र समाजले पनि सही बाटो अवलम्बन गरिँदै अगाडि बढ्ने अवस्था सृजना भएको छ । धर्मको हवाला दिँदै बलिप्रथालाई प्रश्रय दिने परम्परालाई सनै सनै विस्तारै भएपनि एकपछि अर्को गर्दै अन्त्य गरिनु र गर्न प्रोत्साहित गर्नु समष्टिगत सुखकर शान्तिकर विषय भएको छ ।

तथागत शास्ता भन्नुहुन्छ- **अत्तानं उपमं कत्वा न हनेय्य न घातये** अर्थात हामीले आफूलाई उपमा बनाएर अरूलाई व्यवहार गर्ने, कसैको घातप्रतिघात गरिनुहुन्न । चतुरार्यसत्यअन्तर्गत अष्टांगिक मार्गको सम्मा आजीवो अर्थात सम्यक् आजीविकाअनुरूप सत्थवणिज्जा-शास्त्र व्यापार, सत्तवणिज्जा-प्राणी व्यापार, मंज्जवणिज्जा-मासुको व्यापार, मज्जवणिज्जा-मद्य व्यापार, विसवणिज्जा-विष व्यापारलाई समेत सही आजीविका विपरीत भन्नुभएको जीवनोपयोगी सन्देश यहाँ विचारणीय पक्ष हुन् । समय परिस्थिति परिवर्तन हुँदै अगाडि बढ्नु स्वाभाविक हो तर वर्तमान नेपालमा अद्यावधि चलनचल्तीमा देखिंदै आएको यावत विधिव्यवहारमा वास्तविक धर्मकर्मलाई असुहाउँदो कयौं रीतिथितिमा आबद्धता अझै देखिएकै छ । समय परिस्थिति, समयसापेक्षित तरहले परिमार्जित परिष्कृत भएर अगाडि नबढ्ने, परम्पराको ढोंग रचेर कट्टरपनालाई मात्र बढावा दिँदै अगाढि बढ्नु स्वयं घातकसिद्ध हुन्छ या फलिफाप हुन्छ यसमा हामी सबैले ठण्डा दिमागले सोच्नुपर्ने बेला आएको छ ।

धर्म र संस्कृतिको नाउँमा सबैभन्दा काटमार पशुपक्षी बलिदिने कारूणिक हिंसा कार्य दसैंमा हुने गर्दछ । दसैं कसैका लागि सुख त कसैका लागि दशाजस्तै हुने गर्छ । दसैंलाई मोहनी नखः भन्ने गरिएझैं त्यही दसैं कसैलाई बहनी (रात) जस्तै हुने गर्छ । मोहनीकै समयमा नवमीका दिन स्याक्व त्याक्व यानिकी मारिएजति दाईमारा (जति मार्न सक्यो आफ्नै जीत) भन्ने अभिसोच कट्टररूपमा धारण गर्नेहरू अझै यथेष्ट छन् । धर्मको नाउँमा हिंसाकर्म वा बलिप्रथालाई निरन्तरता दिनु सही वा गलत यसमा विचार विमर्श गरिनु पर्छ । पुनर्विचार गर्दै अगाडि बढ्ने जमर्को हामी आफैले गर्ने पर्छ ।

यतिबेला शक्तिपीठहरूमा घम्साघम्सी भीड भइरहेको हुन्छ । वास्तवमा मानसिक सुखशान्ति तथा आध्यात्मिक आनन्द प्राप्तिका लागि पीठमा जाने, दुःख पीडा र अशान्तिबाट छुटकारा प्राप्त गर्न मठमन्दिरमा गइसकेपछि सुखशान्ति आनन्दको अनुभूति प्राप्त हुन्छ तर विडम्बना तीनै मठमन्दिरमा पशुपक्षीलाई क्रूरतापूर्वक हत्या गरी बलि दिइरहेको कारूणिक हृदयविदारक दृश्यले हामीलाई अशान्त पारिदिन्छ । वस्तुतः कुनैपनि धर्मगुरू, धर्मशास्त्रले कसैको हिंसा गर, बध गर, बलि चढाऊ अनि धर्म प्राप्त हुन्छ भनेर सिकाएकै हुँदैन । जीवित प्राणीको हिंसा गरी रगत पिउने द्यौता कस्तो द्यौता होला ? बलिको अपेक्षा गर्ने देवदेवी कस्ता होलान् ? बलिप्रथालाई प्रश्रय दिई धर्मको अपव्याख्या गर्नेहरूले अब पुनर्विचार गर्ने बेला भएको छ । वास्तवमा मार्नु नै हाम्रो धर्म हो भने पाप के हो त ? यसलाई कुन मुखले जवाफ दिने ? यथार्थतः देवदेवीको बहानामा आफ्नो पेट भर्ने अनि आफू पापबाट बच्ने झूठो कथाहरु रचना गर्दै अगाडि त बढिरहेका छैनौं हामी ? चारैतिर धर्मको संस्कृतिको नाउँमा हिंसामय बलिप्रथालाई अंगाली हिंसामैं रमाउँदा त्यस किसिमको हत्याहिंसात्मक दृश्यले हामीलाई विक्षिप्त बनाउँछ, विक्षिप्त मानसिकताले शान्ति र आध्यात्मिक सुखको अनुभूति कसरी गर्ने ? यसउसले धर्मको नाउँमा बलिप्रथालाई निस्तेज पारिनु राज्यको दायित्व भएको छ । राज्य एवं प्रशासनले समेत बलिप्रथालाई अन्त्य गर्न रचनात्मक पहल गर्ने पर्छ । अझ कुनैपनि मठमन्दिर, बहाःबही आदि धार्मिक क्षेत्र हिंसामुक्त शान्ति क्षेत्र भनी घोषणा गर्नुपर्छ । संविधानमैं संस्कृति र धर्मको नाउँमा बलिप्रथालाई अन्त्य गरिनुपर्ने स्पष्ट कानूनी विधान लेखिनु सबैका लागि सुखशान्तिको विषय हुनेछ ।

# भावनामय प्रज्ञा भनेको के हो ?



✍ कल्याणमित्र
आचार्य स.ना. गोयन्का

प्रज्ञाका तीन तह छन् । पहिलो तहलाई श्रुतमय प्रज्ञा भनिन्छ, दोस्रोलाई चिन्तनमय प्रज्ञा र तेस्रोलाई भावनामय प्रज्ञा भनिन्छ । कोही माहापुरूषले आफूले अनुभव गरेको ज्ञानको ब्याख्यालाई हामीले सुनेर ज्ञान प्राप्त गऱ्यौं भने त्यो श्रुत ज्ञान भयो । कसैको वाणी कुनै किताबमा वा पत्र पत्रिकामा हामी पढ्छौं, यसरी पढेको अथवा सुनेको ज्ञान हाम्रो आफ्नो ज्ञान होईन तर श्रद्धाले हामी स्वीकार गर्दछौं । जुन महापुरूषले भनेको हो, उनीप्रति हाम्रो अगाध श्रद्धा छ, उनको वाणीप्रति श्रद्धा छ भने हामी त्यस ज्ञानलाई सहजपूर्वक स्वीकार गर्दछौं । कसैप्रति धेरै पहिलादेखि श्रद्धा थियो, सानोदेखि नै श्रद्धा राख्दै आएको थियो भने उनको वाणीलाई हामी सहजै स्वीकार गर्दछौं । त्यस विषयमा हाम्रो केही अनुभव छैन, केही जानेका छैनौं भने पनि श्रद्धाले स्वीकार गर्दछौं ।

कहिले काहीं यस्तो पनि हुन्छ कि अधिक श्रद्धा भएको कारण स्वीकार त गर्छौं तर मनमा शंका अथवा तर्क रहिरहेको हुन्छ कि यो त ठीक होईन, नमिल्दो छ, यसलाई कसरी मान्न सकिन्छ र ? यदि यस्ता शंका अथवा तर्कलाई आफ्ना मान्यजन अथवा समाजका बुजुर्गहरूसँग प्रश्न-प्रतिप्रश्न गऱ्यौं भने उनीहरु भस्किन्छन् कि ओहो यस्ले त शंका गऱ्यो, हाम्रो महापुरूषको वाणीप्रति शंका गऱ्यो, हाम्रो धर्मग्रन्थको वाणीप्रति शंका गर्ने भनेर सबैले गाली दिन थाल्छन् । उसलाई धम्की दिन थाल्छन् कि यस्तो तर्क, कुतर्क, शंका-उपशंका गऱ्यो भने घोर नर्कमा जन्म हुन्छ, यस्तो नर्कमा कि जहाँ एउटा ठूलो कुम्भमा राखेर पकाउनेछ, यस्तो दण्ड दिनेछ, त्यस्तो दण्ड दिनेछ, त्यस्तो दण्ड दिइनेछ । यस्तो भयानाक दण्डको कुरा सुनेर डरले तर्सिन्छ र आँखा चिम्लेर ती सबै कुरा सहजै स्वीकार गर्दछौं ।

समाजका यी नेताहरु फेरि आश्वासन दिँदै भन्छन् कि हाम्रो शास्त्रहरूमा लेखिएको तर्क-वितर्कलाई जस्तो छ त्यस्तै मान्यो, पालना गऱ्यो भने मृत्युपछि स्वर्गमा जन्म हुनेछ । स्वर्गको बयान अनेक तरहले गर्न थाल्छन् कि स्वर्ग जहाँ यस्ता अप्सराहरु हुनेछन्, यस्तो रस पीउन पाउनेछन्, यस्तो स्वर्ग-त्यस्तो स्वर्ग आदि-आदि । स्वर्गको बयानले त्यस्तो आनन्द भोग लालायित हुन्छौं र शास्त्रको कुरा मान्दैमा यस्तो स्वर्ग सुख प्राप्त हुन्छ भने किन नमान्ने ? अतः आँखा बन्द गरेर यी शास्त्रको कुराहरु मानिरहेकै हुन्छौं । कुनै कुरा स्वर्गको लोभले भने कुनै कुरा नरकको भयले मानिरहेछौं, कसैले अनुभव गरिरहेका छैनौं । अनुभव गर्नु धेरै टाढाको कुरा भयो । यो श्रुतज्ञान भयो ।

सुनेको ज्ञान सधैं हानीकारक नै हुन्छ भन्ने छैन । कल्याणकारी तथा लाभदायी पनि हुनसक्छ । श्रुतज्ञानले हाम्रो मनलाई प्रेरणा दिन्छ । मार्गदर्शन दिन्छ । यदि समभ्रदार ब्यक्ति छ भने यस प्रेरणाले उसले अर्को कदम पनि उठाउनेछ जुन कदमलाई चिन्तनमय प्रज्ञा भनिन्छ । आजसम्म जुन सुनेको थियो, जुन पढेको थियो । त्यस बारेमा बिचार गर्छ विमर्श गर्छ, मनन गर्छ । चिन्तन-मनन गर्नु मानिसको स्वभाव हो । यसरी विचार गरिहेर्दा तर्क गरेर हेर्दछ, बुद्धिले जाँचेर हेर्छ कि यी जुन मैले अध्ययन गरेको तथा सुनेको कुराहरु कत्तिको तर्कसंगत छ बुद्धिसंगत छ, युक्तिसंगत छ ? के यी कुराहरु सही अर्थमा पालना गर्न लायक छन् ? लायक छ, सही छ भने त्यसलाई स्वीकार गर्छ ।

तर कहिले काहीं यस्तो पनि हुन्छ कि जो ब्यक्ति जुन परिवारमा जुन परिवेशमा हुर्केको छ त्यस परिवारको मान्यता अथाव परम्परालाई सुन्दासुन्दै उसको बुद्धिमा, उसको मनमा त्यस मान्यताको प्रति एकदम श्रद्धा भईसकेको हुन्छ तब बुद्धिले जाँचेर हेर्दा पनि त्यही परम्परा, त्यही मान्यता सही लाग्दछ, त्यही राम्रो लाग्छ । यस परम्परामा के गल्ती छ र ? सारा तर्क-सारा चिन्तन यसै पक्षमा हुन्छ कि यो मान्यतालाई कसरी सिद्ध गरूँ ? के तर्क दिउँ ? किनभने यो त केवल बुद्धिको स्तरसम्म मात्र भयो । बुद्धिको आफ्नै निश्चित सीमा हुन्छ, तर्कको आफ्नै सीमा हुन्छ । एउटै कुरा आज तर्कसंगत लागेतापनि भोलि त्यही कुरा असंगत लाग्नसक्छ । बुद्धिले एउटा कुरालाई स्वीकार गरेको छ मानेको छ भने त्यो केवल त्यही क्षेत्रसम्म मात्र सीमित हुन जान्छ त्यस ज्ञानलाई अनुभव गरेको छैन । श्रुतज्ञान पनि अरूको ज्ञान हो, चिन्तन ज्ञान पनि पराईको ज्ञान हो र पनि हामीले श्रद्धाले, तर्कले स्वीकार गऱ्यौं तर अनुभवले होइन ।

प्रज्ञाको तेस्रो तह हो भावनामय प्रज्ञा । चिन्तनपछि यस तहमा पाईला टेक्यो भने राम्रै भयो । तर कहिले काहीं केवल सुनेर वा पढेर मात्रै सही म जस्तो ज्ञानी कोही छैन भनेर घमण्ड गरेर रहन्छ । म जस्तो जान्ने को छ भनेर घमण्ड गर्छ । वास्तवमा जानीरहेको छैन मानीरहेको मात्रै छ । म त यस विषयमा प्रवचन दिनसक्छु, किताब लेख्नसक्छु भन्ने घमण्ड छाएको हुन्छ । चिन्तन-मनन गरेर प्राप्त भएको ज्ञानलाई स्वीकार गरेर त्यसमाथि घमण्ड चढ्यो भने त झन कठीन हुन्छ ।

स्वयं आफूले अनुभव गर्ने प्रेरणा नै आएन । जुन श्रुतज्ञान हाम्रो लागि कल्याणको कारण बन्नुपर्दथ्यो, हाम्रो लागि मार्गदर्शन दिनुपर्दथ्यो, जुन श्रुतज्ञानपछि चिन्तन-मनन उत्पन्न हुनुपर्थ्यो । यही चिन्तन-ज्ञान हाम्रो मंगलको कारण, कल्याणको कारण बनेर भावनामय प्रज्ञा जगाउने मार्गदर्शन दिनुपर्दथ्यो वास्तवमा भावनामय प्रज्ञाद्वारा नै हाम्रो कल्याण हुन्छ ।

भावनामय प्रज्ञा भनेको के हो ? २५०० वर्ष पूर्वको प्रचलित भाषा बदलिंदै गयो, शब्दको अर्थ बदलिंदै गयो । आजकल 'भावना' शब्दको अर्थ भावुकता जस्तो सेंटिमेंटल भन्ने अर्थमा प्रयोग गरिन्छ । २५००-२६०० वर्ष पहिले यस शब्दको अर्थयस्तो थिएन । जुन अनुभवले जानिएको छ, बार-बार, पटक-पटक अनुभव भइरहेको, भावित भइरहेकोलाई भावना भनिन्थ्यो **"भावितो बहुलीकतो, भावितो बहुलीकतो"** । सत्यको भनुभव बार-बार, पटक-पटक अनुभव हुँदै हुँदै त्यसको बारेमा पूर्णतः थाहापाउँदछ । यही भावनामय प्रज्ञा हो । यो ज्ञान आफ्नो ज्ञान हो । आफू स्वयंले अनुभव गरेर प्राप्त भएको ज्ञान हो । यही ज्ञान वास्तवमा हाम्रो लागि कल्याणकारी हुन्छ, यसैले मुक्ति मार्गतर्फ अघि बढ्न प्रेरणा दिन्छ, विकारबाट मुक्ति दिलाउँछ । दुःख बन्धनबाट यसैले मुक्ति दिलाउँछ । यही भावित प्रज्ञा हो । प्रज्ञा शब्दको अर्थ प्रत्यक्ष ज्ञान हो ।

सुनेको र मनन गरेको ज्ञान प्रत्यक्ष ज्ञान होईन । परोक्ष ज्ञान हो । अरूको ज्ञान हो । भावनामय प्रज्ञा प्रत्यक्ष ज्ञानबाट प्राप्त हुन्छ । आफूले अनुभव गरेको ज्ञान हो । शुरूमा अनुभव निश्चित सीमासम्म भएपनि अनुभव गर्न त योग्य भयो । भित्रको सत्य जति जति अनुभव हुँदै गयो त्यति त्यति नै भावित प्रज्ञा पुष्ट हुन्छ । अगाडि बढ्दै गयो, पटक-पटक अनुभव गर्दै गर्दै अगाडिका सूक्ष्म-सूक्ष्म सत्यको अनुभव हुँदै जान्छ । यसरी नै अगाडि बढ्दै जाँदा शरीर र चित्तको सम्बन्धमा जति पनि सत्य छन् ती सम्पूर्ण सत्यको अनुभव हुन थाल्छ । स्थूलभन्दा स्थूल सत्यदेखि सूक्ष्मभन्दा सूक्ष्म सत्यको अनुभव थाल्छ । शरीरको प्रपञ्च, चित्तको प्रपञ्च र यी दुबैको सम्बन्धबाट बनेको जीवन-धाराको बारेमा स्पष्ट हुन थाल्छ र चित्त विस्तारै विकारबाट मुक्त हुँदैजान्छ ।

शरीर र चित्तको जुन सम्बन्ध छ, जुन क्षेत्र छ त्यो अनित्यको क्षेत्र हो । साधक अनुभव गर्दछ कि यी दुबै क्षेत्र अनित्य छन् । यी उत्पन्न हुन्छन् र तुरून्त नष्ट हुन्छन् । उदय हुन्छन् र व्यय हुन्छन् । यसरी अनित्यको अनुभव गर्दै गर्दै यस शरीरप्रति आसक्ति छुट्दै जान्छ । यसप्रति रहेको राग, द्वेष हट्दै जान्छ र विकारबाट मुक्त हुँदै जान्छ, चित्त निर्मल हुँदै जान्छ । चित्त जति जति निर्मल भयो त्यति नै तीक्ष्ण हुँदै जान्छ, भेदन गर्न सक्ने हुन्छ र जहाँ जहाँ स्थूल घनीभूत सत्य अगाडि आउँछ चाहे त्यो शारीरिक सत्य होस चाहे चैतसिक सत्य होस् त्यस घनीभूत सत्यलाई भेदन गर्दै, छेदन गर्दै, विघटन गदै गर्दै विभाजन गर्दै गर्दै सूक्ष्म-सूक्ष्म अवस्थासम्म लैजान्छ । यस अवस्थामा पनि जुन विकार संग्रह बाँकी छन् ती सबैको निष्कासन गर्दै गर्दै अनित्यताको सम्पूर्ण क्षेत्रको बारेमा जानकारी प्राप्त हुन्छ । यस कारण भित्र जुन राग तथा द्वेष उत्पन्न हुने प्रक्रिया थियो, त्यसको स्वभाव छुट्छ । यस शरीरप्रति जुन आसक्ति थियो, जुन मोह थियो, यसप्रति रहेको अज्ञान छुट्छ र चित्त निर्मल हुँदै हुँदै यस अवस्थासम्म पुग्छ कि अनित्यका सारा क्षेत्रलाई छोडेर यसभन्दा अर्को छेउको नित्य अवस्थाको साक्षात्कार हुनपुग्छ । शाश्वत अवस्थाको दर्शन हुन्छ, ध्रुबको साक्षात्कार हुन्छ । जुन अमर छ, अजर छ । कहिले नष्ट हुँदैन, उत्पन्न हुँदैन । यसरी दुवै क्षेत्रको बारेमा थाहा हुन्छ । प्रज्ञा सफल भयो । श्रुतमय प्रज्ञाले यति काम गर्न सक्दैन । चिन्तनमय प्रज्ञाले यति अनुभव गर्न सक्दैन । यी दुवै प्रज्ञाले मार्ग दर्शन दिन सक्छ । अनुभवले प्राप्त प्रज्ञा भएमा नै मुक्त अवस्थासम्म जान सकिन्छ लाभ त यसैबाट मात्र हुन्छ ।

भनौं, एकजना मान्छे एकदम भोकाएको थियो । खाना खानको लागि कुनै भोजन गृहमा गए, त्यहाँ पकवानले लिष्ट ल्याएर दिए र उसले पढे । उसले थाहापाए कि आज त यहाँ एकदम स्वादिष्ट खाना तयार छ, खाउँ खाउँ लाग्यो, मुखमा पानी आयो ।

एकछिन पछि यो-यो खाना ल्याउनु भनेर अर्डर गरे एकछिन त पर्खनुनै पर्‍यो, पर्खदै यसो यताउता फर्केर हेर्‍यो । अरू अगाडि आएकाहरूले भोजन खाइरहेको देख्यो । कस्तो मीठो मानेर खाइरहेछ साँच्चै खाना त स्वादिष्ट होला भन्ने सोच्यो ।

एकछिन पछि खाना ल्यायो र स्वयंले खान थाल्यो । पहिलो श्रुतज्ञान थियो, मीनूमा लेखिएको, त्यो कागजमा

लेखिएको थियो कि खाना यस्तो छ त्यस्तो छ, त्यो पढेर मुखमा पानी त आयो तर स्वाद लिन पाएको थिएन, यसबाट पेट भरिदैन । दोस्रो चिन्तन ज्ञान हो । अरूले खाएको हेरी सोच्दछ, बुद्धिले् जाँचेर हेर्दछ कि खाना मीठो जस्तो छ, स्वादिष्ट खाना खाँदा चेहरामा देखिने भावलाई हेरेर अनुमान गरिरहेछ कि खाना अवश्य स्वादिष्ट होला । मुखमा पानी त आयो होला तर पनि खान पाएको थिएन भोक त यस्ले भरिदैन । जब स्वयंले खाना खान्छ तब मात्र पेट भरिन्छ । फाईदा त यसले मात्र हुन्छ । यही भावनामय प्रज्ञा भयो ।

कुनै कुनै कुरा उदाहरणबाट बढी स्पष्ट हुन्छ । एउटा अर्को उदाहरण लिऊँ । कोही बिरामी मान्छे डाक्टर कहाँ देखाउन गए । डाक्टरले उसलाई जाँचेर रोगको बारेमा बताए र औषधी दिएर यो औषधी यती बेला खानु भनेर कागजमा लेखी दिए । रोगीले अब औषधी खायो भने रोग निको हुन्छ भन्ने सोची खुसी भएर घर फर्के । डाक्टरप्रति उनको अगाध श्रद्धा थियो । हुनु पनि पर्छ, श्रद्धा नै छैन भने कोही डाक्टर, बैद्यलाई कसरी उपचार गराउन सकिन्छ र ? तर श्रद्धा अन्ध श्रद्धा बन्यो भने उपचार हुँदैन ।

बिरामी घर गएर त्यस डाक्टरको फोटो अगाडि राखेर, धूप दीप जलाएर बडो श्रद्धाले नमस्कार गर्दै त्यस औषधीको पूर्जाको पाठ गर्न थाल्यो भने के लाभ हुन्छ ? के उपचार हुन्छ अन्धश्रद्धा को कारण आफूले के गर्दैछु भन्ने नै नबुझी त्यसको पाठ गरेर रोगबाट कसरी मुक्ति हुन्छ । डाक्टरप्रति श्रद्धा थियो उसको कुरा सही लाग्यो त्यो त ठीक हो । तर औषधी सेवन नगरिकन पागलझैं त्यसको पाठ गरिरहेछ ।

फेरि एउटा अर्को उदाहरण, एकजना रोगी डाक्टर कहाँ देखाउन गयो उसलाई पनि त्यस्तै औषधीको नाम लेखिदियो । रोगी घरमा आएर सोच्दछ कि यस औषधीले मेरो रोग कसरी निको हुन्छ । ऊ फेरि डाक्टर कहाँ गएर तर्क वितर्क गर्दछ कि म कसरी ठीक हुन्छु ? डाक्टरले उसलाई राम्ररी बुझाउँछ कि तिमीलाई यस्तो रोग लागेको छ र त्यस रोगको मूल कारण यो छ । यो औषधीले यो मूल कारण को निवारण हुन्छ र रोग आफै निर्मूल हुँदै जान्छ । रोगी खुसी भयो र ओहो मेरो डाक्टर त कति बुद्धिमानी, कति समझदार, मलाई यस्तो औषधी दिए कि मेरो रोग त जरैसम्म निर्मूल हुनेछ । रोगको कारण खत्तम भयो भने रोग कहाँ रहला । ओहो ! मेरो डाक्टर, ओहो मेरो डाक्टर । केवल डाक्टरको तारीफ मात्र गरी रह्यो, औषधीको सेवन गरेन भने रोगबाट कसरी मुक्ति हुन्छ ? कस्तो पागल पन ?

वास्तवमा यस्तै हुन्छ, जब कोही महापुरूषले संसारका मानिसहरूलाई दुःख देखेर रोगी देखेर बडो करूणापूर्वक यसबाट मुक्त हुन धर्म सिकाउँछ । यो विद्या सिक्यो भने दुःखबाट मुक्त हुन्छ, भन्छ । तर त्यसको सेवन नै गर्दैन । पागल ब्यक्ति झैं त्यस महापुरूषको मूर्ति बनाएर, उसको चित्र बनाएर त्यसमा फूल, दीप, नैवैद्य चढाएर बडो श्रद्धाले पूजा अर्चना गर्दछ । यस्तो गर्नु कुनै दोष होईन तर उसले दिएको विद्या पनि सेवन गर्नु पर्‍यो नि । शिक्षा नै लिएन भने त संधै दुःखीको दुःखी नै भयो । फेरि माथि दिएका उदाहरण झैं कोही आपसमा झगडा गर्छन् कि हाम्रो महापुरूष साँच्चैको महापुरूष तिमीहरूको महापुरूषमा यस्तो गुण छैन, यही सही महापुरूष हो । हाम्रो महापुरूषले सिकाएको विद्या नै सही हो, उहाँले सिकाएको धर्म नै सही, त्यही युक्तिसंगत छ, न्यायसंगत छ, कल्याणकारी छ आदि-आदि । तिम्रो महापुरूषले सिकाएको धर्ममा यो मिल्दैन, न्यायसंगत छैन, तर्कसंगत छैन आदि-आदि । धर्मको नाममा समाजमा यही त हुन्छ नि । धर्म सेवन गर्दैन । भावनामयी प्रज्ञा जाग्यो भने धर्मधारण गर्न थाल्छ ।

कस्तो छ भावनामय प्रज्ञा ? जस्ले आफ्नो जीवनमा धर्मको कुरा कहिले पनि सुनेको छैन भने उसले भावनामय प्रज्ञा कसरी जगाउँदछ ? धर्म कसरी धारण गर्दछ ? धर्म मार्गमा कसरी अगाडि बढ्न सक्छ ? त्यसैले धर्मलाई सुन्नु अति आवश्यक छ श्रुतज्ञान हुनु अति आवश्यक छ । त्यस्तै सुनेको धर्मलाई चिंतन-मनन गर्नु त्यत्तिकै आवश्यक छ । अन्ध श्रद्धाले स्वीकार्नु हुँदैन । खूब विचारेर, खूब बुझेर, यो कुरा ठीक हो, तर्कसंगत छ, युक्तिसंगत छ भन्ने ठानेर मात्रै स्वीकार गर्नुपर्छ । फेरि स्वीकार गरेर मात्रै हुँदैन त्यसलाई स्वयंले अनुभव गर्नुपर्दछ । आफूले अनुभव गर्दै गयो भने धर्म सेवन गर्दै अगाडि बढ्दछ । भित्र भित्र सत्यको अनुभव हुन थाल्छ । आफ्नो अनुभवले सत्यलाई जानिरहेको हुन्छ कि- यो अनित्य छ, नश्वर छ, भंगुर छ ।

जुन नश्वर छ, जुन अनित्य छ त्यसलाई के राम्रो भन्ने ? त्यो जति सुकै सुखद् भएपनि, के राम्रो भन्ने ? आखिर नाशवान नै छ । प्रतिक्षण नष्ट हुनेछ, प्रतिक्षण उत्पन्न हुनेछ । यदि त्यो नराम्रो छ, अप्रिय छ भने पनि त्यसप्रति के द्वेष छ । बस, मुक्तिको मार्ग मिल्यो । एक-एक पाईला उठाउँदै जाँदा एक समयमा मुक्त अवस्थासम्म त पुग्ने नै छ । प्रत्येक पाईला मुक्तिका पाईला हुन् । श्रुतज्ञान हुनु बडो मंगलकारी हुन्छ र फेरि चिन्तन गरेर भावनामय प्रज्ञामा परिवर्तन भयो भने झन मंगल, कल्याण नै कल्याण हुन्छ । धर्मको यस शुद्ध स्वरूपलाई बुझेर आफूले अनुभव गर्न थाल्यो भने त जो ब्यक्ति धर्मको मार्गमा अघि बढ्यो उस्को मंगल नै हुन्छ, कल्याण पर्ने हुन्छ । मुक्ति नै हुन्छ ।

# संसार......



भिक्षु धर्ममूर्ति

**गतांकबाट क्रमशः......**

गन्धर्व भन्ने तेस्रो र निर्णायक भूमिका गर्भ रहेको अवस्थादेखि बच्चा जन्मिंदासम्म कुनैपनि बेला त्यसमा सम्बन्ध हुन सक्दछ भन्ने हो । यद्यपि तेस्रो कारण गर्भ रहेपछि कुनैपनि बेला कुनैपनि पुत्रले अंशमात्रले भएपनि सम्बन्ध भई बसेको हुन्छ भन्ने तथ्यपनि प्रष्ट हुन्छ । त्यसो भए जबसम्म तेस्रो कारण गर्भसंग सम्बन्धित हुँदैन तबसम्म आमाको कोखमा हुर्केको (बच्चा) को कुनै अस्तित्व हुँदैन । त्यो मात्र जीवात्मक द्रव्यको रूपमा हुर्केको हुन्छ । प्राणात्मक जीवको रूपमा हुर्केको हुँदैन ।



धम्मपदट्ठ कथाको आनन्दसेट्ठी बस्तुमा बुद्धले आनन्द श्रेष्ठीको घरमा कसैले नदेख्ने गरी भित्र घुसेको एक भिखारी युवकलाई उस्को अतीत सम्भन लगाई त्यस माध्यमबाट उसले सन्तानले थाहा नपाउने गरी लुकाइराखेको धन राखेको स्थान प्रकाश गर्न (उल्लेख गर्न) लगाई जनसमूहको माभमा नै उक्त धन भिक्न लगाएको ब्यहोरा प्रस्तुत् गरिएको छ । यस अनुसार कुनै ब्यक्तिलाई मोहित गरी पूर्बजन्मका तथ्यहरू प्राप्त गर्नु बुद्धशिक्षाअनुसार बिरूद्ध छैन भन्ने "Life be love Life" कृतिमा महाचार्य हेलेन बेम्बोले प्राप्त गरेका वक्तब्यमध्ये अर्को महत्वपूर्ण वक्तब्य पनि यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । मेरी आमा पूर्ब एक जन्ममा पनि "मेरी आमा नै भएकी छे । एक अर्को पूर्बजन्ममा मेरो सन्तान भएर बसेको थियो । पहिले मेरो सन्तान भएर जन्मेकाहरू फेरी मेरै सन्तान भएर जन्मन इच्छा गरेका थियो । मैले उनीहरूलाई मनुष्यभावहरूमा पूर्बमनुष्य जन्म दुईवटा बीचको समयमा पनि चिनेको थिए ।" यो सुत्तपिटकको संयुक्तनिकाय अर्न्तगत अनमतग्ग संयुक्तमा उल्लेख भएअनुसार अबौद्धहरूले उल्लेख गरिने साक्षीको रूपमा लिन सकिन्छ । यी तथ्यहरूबाट अर्को महत्वपूर्ण तथ्य पनि प्रष्टिन आउँदछ । गर्भिणी भई बसेको शुरूदेखि अन्तसम्मको अवधिभित्र उक्त गर्भिणी आमा (स्त्री) ले गरेका मात्र होइन सोचेका कुराहरू पनि जन्मने बच्चाले थाहापाई राखेको हुन्छ भन्ने तथ्य हो ।

विभिन्न देशहरूमा विभिन्न तहका ब्यक्तित्वहरूलाई मोहित गरी प्राप्त गरेका तथ्यहरू मध्ये अंश मात्र उल्लेख गरिएका हुन् भने त्यसले जन्म चक्र अर्थात् संसारको विषयमा केही ज्ञान दिनेछ भन्ने आभाष हुन्छ । फेरी जन्मने तथ्य विश्वास नगर्नेले ती वक्तब्यहरू मिथ्या भएको भनी देखाउन अनेकौं तर्कहरू अघि सार्दछन् । तर त्यसमा अन्तरनिहित सत्यता भनेको सबैले आफू धेरै पूर्बजातिहरू ( जन्म) हरू पछ्याउँदै यस वर्तमान जाति ( जन्म) प्राप्त गरिरहेको तथ्य हो । पूर्बजाति (जन्म)हरूबाट वर्तमानसम्म अविछिन्न रूपमा प्रवाहित अनन्यता यस जन्ममा यहाँ भएको सम्पत्तिको प्रयोजन गर्दै आ–आफ्नो वर्तमान जीवन बिताउँदै अगाडि बढिरहेको हुन्छ । पूर्बजातिहरूमा प्राप्त अनुभव ज्ञान शिल्पकला, मित्रत्व, शत्रुत्व ज्ञातिबन्धुत्व आदि पूर्बजातिहरूबाट यस जातिमा पनि ल्याएको ब्यहोरा ती तथ्यहरूबाट गम्य हुन्छ । तर ती कुराहरू कसले ल्याएको त ? भन्ने प्रश्नमा पश्चिमी आगम धर्मानुसार सोच्न अभ्यस्त विचारकहरूले "पुद्गल अनन्यता" हो भन्ने उत्तर दिन्छन् । त्यसको लागि "डब्य" वा 'Entity' भन्ने शब्द प्रयोग गरिएता पनि त्यो वैदिक "आत्मा" स्वीकारियको भन्ने होइन । बुद्धशिक्षाअनुसार उत्तर दिनु पर्दा उपादानस्कन्ध संयुक्ति" भनी भन्न सकिन्छ । होइन भने गन्धर्व भनी भन्न सकिन्छ । तर गन्धर्व भन्नाले उपादानस्कन्ध संयुक्ति मात्र नभई त्यसको वरिपरी सम्बन्ध भई बसेका अन्य सूक्ष्म पदार्थहरू पनि पर्दछन् । संसार यात्रामा जाने उपादानस्कन्ध संयुक्ति नामले चिनिने शक्ति त्यसको वरिपरी उक्त संयुक्तिसंग सम्बन्धित भईरहने सक्ने अन्य सूक्ष्म पर्दाथहरू पनि संगसंगै यात्रा गर्ने हुन्छ । कुनै शक्तिको रूपमा त कुनै द्रब्य पदार्थको रूपमा प्रवाह हुने हुन्छ । ती तथ्यहरू छुट्टाउन वा छुट्टाई भिन्दाभिन्दै विश्लेशण गर्न हाम्रो ईन्द्रिय वा विद्यमान विज्ञान समर्थ भएको छैन । ईन्द्रियले नभेटेका नदेखेको अनेकौ सूक्ष्म पदार्थ वा शक्तिहरू वैज्ञानिक उपकरणहरूले भेट्टाएका छन् देखेका

छन् । अतः भविष्यमा ती सूक्ष्म पदार्थ वा शक्ति पनि भेट्टाउन सकून् । यसरी उपादानस्कन्ध संयुक्ति वरिपरि रहेको पदार्थहरू विभिन्न जीवनहरूमा विभिन्न किसिमले विद्यमान रहेको हुन्छ । कुनै द्रव्य बाक्लो हुन्छ । कुनै द्रव्य पातलो हुन्छ । उपादानस्कन्ध संयुक्ति मात्र एक्लाएर लिने हो भने त्यो अन्य सूक्ष्म शक्तिभन्दा पनि अति सूक्ष्म शक्ति मात्र हो । यसमा चिन्नसक्ने रूप वा आकृति हुँदैन । रङ्ग वा लिङ्गभेद हुँदैन । अतः उपादानस्कन्ध संयुक्ति मात्र छुट्टिएर रहनै अवस्था भनेको अरूपावचर ब्रह्मलोकमा जन्मने गन्धर्वको अवस्थालाई हो भन्ने सोच्न सकिन्छ ।

तर, त्यहाँभन्दा तलको सबै प्रकारका लोकमा आउने गन्धर्वमा उपादानस्कन्ध संयुक्तिलाई घेरिएका अन्य सूक्ष्म पदार्थहरू पनि सम्मिलित हुन्छ । ती पदार्थहरूमा पहिले (पूर्व) धमरण्म गरेबम शरीरको समान सूक्ष्म शरिरको पनि आश्रित भएर रहेको हुन्छ । त्यसकारण कुनै बच्चामा आमा बुबाको आकृति समान आकृति हुनेहुन्छ भने कसैमा भिन्न रूपाकृति हुनेहुन्छ ।

भूतहरू ___ ! रहने स्थानहरूमा अँध्यारोमा फोटोखिच्न सक्ने इलेक्ट्रोनिक स्वचालित क्यामरा ती अँध्यारो स्थानहरूमा घरहरूमा बास गरी मृत्यु भएकाहरूको नै रूपाकृति समान तस्वीर खिचिएका छन् । अनुहार तथा शरीराङ्ग भरेको अनुहार तथा शरीराङ्ग समानता छ । यसबाट प्रकट हुने तथ्य भनेको मृत्यु हुँदा मृतकको शरीरबाट निस्कने शक्तिमा त्यो मृत शरीरको बढी घनत्व भएको द्रव्य शक्ति निहित हुन्छ भन्ने हो । त्यसरी निस्कने शक्ति घनत्वले भारी हुने भएकोले पृथ्वी आश्रित भएर नै वस्तु भर्ने हुन्छ । त्यसमध्ये कोहि त आफु मरेको भन्ने ज्ञात नभएर पहिले गरिरहेका कार्यहरूमा निरत हुन्छन् । त्यसको अन्तरमा मानसिक रूपले दुर्वल मनुष्यहरूको चुम्बक किरण चक्र धारामा (Magnatic Aura) उक्त शक्ति टाँसिदा मिसिन जान सक्दछ । त्यस्तो भएमा उक्त किरणसंगै स्नायु पद्धतिमा र स्नायु केन्द्रस्थानमा = दिमागमा प्रवेश गर्दछ । हामीले "भूतावेश" वा "देवारूढ" अथवा बोक्सी लागेको भन्ने यस्तै अवस्थालाई होला । कसैले आफ्नो शक्ति प्रयोग गरी ती पृथ्वीमा रहने मृत शक्तिलाई आफ्नो नियन्त्रणमा लिई चाहेअनुसार प्रयोग गर्नु हुन्छ । तीमध्ये कसैले राम्रो कार्यमा त कसैले नराम्रो कार्यमा प्रयोग गर्ने हुन्छ । तर जसरी जुन शक्ति प्रयोग गरेता पनि उक्त शक्तिले गर्ने "डिमाण्ड" प्रयोग कर्ताले पूरा नगर्ने अवस्थामा प्रयोगकर्तालाई हानी नोक्सानी पुऱ्याउन सक्ने हुन्छ । किनकी उक्त शक्तिलाई त वर्तमान कुनै पनि शरीरमार्फत आफू क्रियान्वित भई बस्नु परेको हुन्छ । त्यसरी कसैले नियन्त्रणमा नलिए कमजोर मानसिकता भएका व्यक्तिहरूमा प्रवेश गरी आ-आफ्नो चाहनाअनुसार ती व्यक्तिहरूलाई संचालित गर्ने हुन्छ । त्यसले वर्तमान व्यक्तिहरूका जीवन प्रभावित हुन सक्दछ ।

क्यालिफोनियाको Dr. Karl D. Wickland M. D. नामको विशेषज्ञ डाक्टरले यस्तै "भूतहरू" को सम्बन्धमा गरेको अनुसन्धानको बारेमा 30 years amongs the Dead भन्ने शोधपत्रमा यसरी उल्लेख गर्दछ – "मृत्युको कारण पृथ्वीमा बसेर गरिआएको कार्य नसक्ने हुँदा अन्य जीवित मनुष्यहरूको शरीरबाट उत्पन्न हुने चुम्बकीय किरणहरूले उनीहरूलाई आकर्षित गर्दछन् । थाहा हुने वा नहुने गरी चाहेर वा नचाहेर ती मृतकहरू जीवितहरूको चुम्बकीय रश्मिजालमा (Magnetic Aura) मिसिन पुग्दछ । त्यसरी मिसिएपछि उनीहरूलाई (मृतकहरूलाई) आफ्नो इच्छा कार्यान्वयन गर्ने उपाय प्राप्त हुन्छ । त्यो जीवितहरूको मनलाई दबाब दिएर आवेश भई वा आरूढ भई ती जीवहरू मार्फत आफूले चाहेको कार्य गर्न लगाउँदछ । उनीहरूले (मृतकले) नियन्त्रणमा राख्न सक्ने कमजोर मानसिकता भएका जीवित व्यक्ति कायिक मानसिक पिडा भोग्ने हुन्छ ।"

तीन चारवटा सिसाको ग्लासहरूमा सफा पानी भरेर हेरेमा हामीले सफा पानी देख्न सक्छौं । तीमध्ये एक पानीको ग्लासमा चिनि राखेर घोलिहेरेमा देखाइमा फरक हुंदैन तर स्वादमा भिन्नता हुन्छ । अर्को पानीको ग्लासमा रातो खानहुने रङ्ग घोलिहेरेमा देखाइमा फरक हुन्छ तर स्वादमा भिन्नता हुँदैन । त्यस्तै अर्को पानीको ग्लासमा "यागु" मिसाएर हेर्दा रङ्गमा भिन्नता नदेखिएता पनि पानीको घनत्व बढेर बाक्लो देख्छौं । यथापि सबैमा सफा पानी रहेको हुन्छ । यसरी नै उपादानस्कन्ध संयुक्ति पनि सबै जीवमा-गन्धर्वमा विद्यमान हुन्छ । भूतात्मा, देवात्मा, ब्रह्मामा आदिमा पनि ती भवहरूमा प्रवेश हुने वा गर्ने भिन्न भिन्न तहका गन्धर्वहरूमा पनि उपादानस्कन्ध संयुक्ति अन्तरनिहित हुन्छ ।

यसरी हाम्रो संसारयात्रा भनेको हामीमा अन्तरनिहित ती उपादानस्कन्ध संयुक्तिका संसारयात्रा नै हुन् । संसार भनेको हाम्रै उपादानस्कन्ध संयुक्ति नै हुन् ।

# कुशलता अंगाली मानमत्ता-रोग त्यागौं



✍ कोण्डन्य
बुद्धविहार, भृकुटीमण्डप

मानव जीवन जीवन्त रूपमा त्यतिबेलासम्म निरन्तर यात्रामय तरहमा अगाडि बढिरहेकै हुन्छ, जतिबेलासम्म उसमा चेतना विद्यमान रहीरहने हुन्छ । अर्को अर्थमा भन्नुपर्दा मानव जीवनभित्र जतिबेलासम्म श्वास-प्रश्वास प्रकृयाले निरन्तरता पाइरहेको हुन्छ, रक्तसंचार प्रणालीले स्वचालित तरहमा चर्या गरिरहेको हुन्छ, त्यतिबेलासम्म हामी मानव बाँचिरहेका हुन्छौं, चेतनशील रूपमा विद्यमान हुन्छौं । जीवन जीवन्त भएर गन्तब्यतिर उन्मुखरत नै रहन्छ । बरू सफलता प्राप्ति र असफलता प्राप्तिमा भिन्नता हुनसक्छ, शान्ति प्राप्ति र अशान्ति व्याप्तिमा अन्तरता हुनसक्छ, धन कुबेर हुनु वा गल्ली सडकमा भौंतारिने खाते हुनसक्छ, प्रतिष्ठित व्यक्तित्व वा सर्वत्र निन्दित-आतंककारी हुनसक्छ, शुद्ध-त्यागी वा अशुद्ध-भोगी हुनसक्छ, राजा वा रंक हुनसक्छ, शासक वा शासित हुन्छ, यानि की मानव वा दानव, मानव अधिकारवादी-व्यवहाररत वा मानव अधिकार हननवादी, समस्तमा भन्नुपर्दा शान्त वा अशान्त कुनै न कुनै रूपमा जो कोही अगाडि बढिरहेकै हुन्छ ।



जुनसुकै रूप-स्वरूपमा भएपनि अगाडि बढ्नु जीवनको स्वभाव हो,- यदि हामीले यथार्थतालाई साक्षीभावले विचार-चिन्तन गर्ने हो भने । स्वभावजन्य कुराहरू भलै परिवर्तित रूपमा किन नहोस्, एकपछि अर्को गर्दै अगाडि त बढिरहने नै हुन्छ । मृत्युको घडी नआउन्जेल यात्रामय रूपमा किन नहोस् जीवन जीवन्तभई अगाडि बढिरहन्छ, रोक्नु वा ठप्प हुनुमा जीवनको अन्त्य हुन्छ वा जीवन्ततालाई त्यागी मृत्यु-मरणलाई वरण गर्नुभैं आत्मसात गरेको घडी हुन्छ । नमरून्जेल मानिसलाई के हुनु छैन र ? के प्राप्त गर्न मन लाग्दैन र ? प्राप्तिकै नाममा मानवले के गर्न पो छोडेको छ ? शान्ति र आध्यात्मिक चिन्तनको विकासका लागि मानवलेभैं कडा परिश्रमण र जीवन उत्सर्ग गर्ने अरू कुन प्राणी छ र ?! यसरी नै भौतिक विकास, अराजकता, आतंकवाद, मानव समुदायकै लागि इतिहासमा कलंकितपूर्ण अमानवीय-निकृष्ट विधि व्यवहार गर्नमा पनि स्वयं मानवनै चरमचुलीमा रहेको देखिन्छ । बुद्धभाषामा भन्नुपर्दा आखिर यी सब मानवले तृष्णाजन्य कुरालाई व्यवस्थित एवं नियन्त्रित रूपमा अगाडि बढाउने वा सही उपभोग गर्न नसक्नाले नै भइरहेका हुन् ।

धम्मपदअनुसार **मनोपुब्बङ्गमा धम्मा** कुनैपनि वृत्ति प्रथमतः मानव मन-मस्तिष्कमा उत्पन्न हुन्छ, त्यसैले मन नै सबै प्रवृत्तिको निर्माता हो, जसअनुरूप मनले नकारात्मकप्रति मोह-मूढित, राग-रंजित एवं द्वेष-दूषित तरहमा अगाडि बढिरहने हुन्छ । यतिबेला हामी दोषयुक्त मनले बोल्छौं वा कुनै क्रिया-कर्म गर्छौं भने दुःखले ठीक त्यसरी अनुसरण गर्छ की जसरी भारयुक्त बैलगाडाको चक्का (पांग्रा) ले उसलाई पछ्याइ रहेको हुन्छ । विडम्बना ! त्यो भारयुक्त चक्काको बारेमा मानवलाई सोच-विचार गर्ने फुर्सद नै हुँदैन, कसैले औंल्याइदिए पनि मेरो गोरूको मोल बाह्रै टक्का भन्नेसरी लिंडेढिपिमा अडिग रहने दुर्भावनायुक्त प्रवृत्ति हावी भइराख्दछ । वस्तुतः यो वृत्तिले अन्ततः मानवलाई दुःखित एवं अशान्त नै तुल्याइदिने हुन्छ ।

जीवन निर्वाहका लागि आधारभूत आवश्यकता परिपूर्तिका खातिर मानवको प्रयास हुनु नितान्त आवश्यक छ, तर आध्यात्मिक सोचअनुरूप सामान्य आवश्यकता पूर्तिगर्ने जुन चाहना-लगाव हुन्छ, त्यो प्राप्तार्थ जुन तरहले मानव-मस्तिष्कमा तीब्र उत्तेजना सिर्जना हुन्छ, त्यसलाई तृष्णा नै भनिन्छ । भलै हामी साधारण प्यासमा तृष्णा छैन भनौंला, तर तीब्र प्यासमा जुन व्याकुलता छाएको हुन्छ, त्यस प्रकारको व्याकुलता साधारण वा सामान्य प्यासमा हुँदैन । त्यसैले तृष्णा र आसक्तिलाई समानार्थी रूपमा परिभाषित गरिन्छ । आसक्ति र तृष्णा जति गहिरो र कडा हुन्छ, त्यति नै दुःख पनि गहिरो हुन्छ, यसै प्रकृया दुःखको मूल कारण बन्दछ । मानव जीवन-पात्रमा भरिएको मधुर अपितु मादक विष हो- तृष्णा । यसलाई नबुभिंदा हामीले स्वाभाविक प्रकृयालाई

समेत भुल्ने हुन्छौं र त अष्टलोक धर्मलाई पनि सरासर बिर्सिने गर्छौं ।

सुख-दुःख, एश-अपएश, निन्दा-प्रशंसा, लाभ-अलाभ यी प्रकृया चक्रिय पद्धतिअनुरूप परिवर्तित तरहमा तरङ्गित भइराख्ने हुन्छ, जसरी प्रकृतिले प्राकृतिक तरङ्गमय रूपमा छलाङ्ग मारिरहेको हुन्छ, त्यसरी नै कहिले घाम त कहिले पानी, कहिले दिन त कहिले रात, सफलतासँगै असफलाता, विकाससँगै विनाश, जीवनसँग मृत्युझै एकाबद्ध रूपमा अगाडि बढिरहने हुन्छ । यसमा कसैले एकरूपताको निरन्तरताका लागि चाहे सत्ता र शक्तिको प्रयोग-दुरूपयोग गरेरै किन नहोस्, लाद्ने, दबाउने, मुख थुन्ने, वैचारिकतामा ताला लगाउने, मै हुं, म मा सबैको समर्थन छ भन्नाको खातिर मान, मर्यादा, सम्मान, अभिनन्दन, स्तुतीमय कृयाकलाप गर्ने-गराउने जस्ता धृष्टतापूर्ण चेष्टा गरेतापनि आफैभित्र परिवर्तनमुखी भाव सिर्जना हुनगई विराट परिवर्तन हुने हुन्छ, तर मानव दुर्गुणता गजबको हुँदो रहेछ की फुस्रो मानमर्यादा जुन सत्ता र शक्तिको आडमा अगाडि बढिरहेको हुन्छ, त्यसलाई निरन्तरता दिन उ जे पनि गर्न तयार हुन्छ भने उसका आसेपासेहरु पनि त्यसै वृत्तलाई घुमाउने चक्करमा लाग्नाले सत्तासीन त्यो व्यक्तिलाई धरापमा पार्न सफल हुने गर्दछ । परिणामतः उसले विगतलाई बिर्सेर भविष्यलाई वास्ता नगरी वर्तमान आफनो स्वार्थजन्य आसक्ततायुक्त सत्तामोहले मूढित भई त्यसलाई जोगाउन उसले नकारात्मक रागले रंजित एवं द्वेषले दूषितभई जुन प्रकृया अपनाउने हुन्छ अन्ततः त्यसको परिणाम भयावह हुन्छ भने यस्को प्रभाव जतातते छचल्किने हुन्छ । यतिबेला सत्ता लोलूपातायुक्त मानमत्ता कति भयंकर र खतरानाक हुन्छ भन्ने सावित हुन्छ । यथार्थतः आज मानमत्ता-सत्तामत्ता खतरानाक रोग सावित भएको स्वयंसिद्ध तथ्य हो । यस रोग गल्ली-सडकदेखि दरवार-महल, धर्म, समाज, राजनीति, भाषा, संस्कृति, भेषभूषा अन्तर्गत यत्रतत्र सर्वत्र भाइरस व्याप्त हुनेझैं संक्रमण भइरहेको कुरालाई कसरी नकार्ने ?



वस्तुतः आसक्त वा तृष्णा चिलाउने खटिरा हुन् । जस्लाई चिलाउँदै जाँदा आनन्दप्राप्तिसँगै घाउ बढाउने कार्य हुन्छ । आसक्ति प्यास हो, जुन मेटाएर मेटिँदैन बरू भूखमा परिणत हुँदैजान्छ । तृष्णा घाउको पीप हो, जुन पीपको व्याप्तिसँगै विष फैलिने हुन्छ । आसक्ति त्यस्तो हुन्छ जुन विशाल क्षितिजलाई छुन्छु-समाउंछु भनेर दौडिरहेको हुन्छ, परन्तु यसको अन्त नहुने हुँदा जतिसुकै वेग र गतिमा दौडिँदै गएतापनि क्षितिज र हामीबीचको अन्तरता जस्ताकोतस्तै रहीरहने हुन्छ । यावत तृष्णाजन्य वा आसक्तिजन्य कुरालाई आज प्रत्येक व्यक्ति चाहे धार्मिक, सामाजिक, राजनैतिक वा राजा-महाराजा त्यागी, भोगी, खाते नै किन नहोस् सबैले सजग र सतर्कता अपनाउने पर्ने हुन्छ, यसैमा सबैले सुख र शान्तिमय तवरमा श्वास फेर्नसक्ने हुन्छौं । होइन भने हिंसात्मक प्रवृत्ति हावी हुँदै जान्छ ।

हिंसा निश्चय पनि कसैलाई प्रिय लाग्दैन र पनि किन यहाँ हिंसा नै बढी हावी भइरहन्छ ? यो विडम्बनाको विषय भएको छ । हामी हिंसा मात्र होइन हिंस्रक प्रवृत्तिलाई नै निर्मूल पार्नु पर्छ भनी आदर्शवादका कुराहरूलाई जनमानससामू लेखनीको माध्यमले कलम चलाउँछौं, बोलीको गोली हाँडीमा मकै भुटेसरी भुट्छौं, संचार माध्यमलाई सक्दो सदुपयोगको नाउँमा प्रचार-प्रसार-संचार गर्छौं, केही उपायहरूलाई बाँकी नै के राखेका छौं र ? तर पनि हामी विवशझैं जतातते हिंसाको माहौल छाएको चित्रणलाई मुकदर्शक भई हेर्न बाध्य नै छौं ।

हिसा निश्चय पनि सामाजिक विकारका लागि अनुकूल विषय होइन तापनि समाजका केही चरण हिंसाग्रस्त बन्ने गर्दछ । हिंसा र हिंस्रक चेतनाले समाजलाई प्रभावित तुल्याएको हुने गर्दछ । हिंसा र हिंस्रक प्रवृत्तिलाई जति नै आलोचना गरेपनि यसका दुष्प्रभावलाई जबसम्म व्यक्तिले आफ्नो अन्तस्करणबाट ठम्याएर सोबाट मुक्त हुने चाहनालाई प्रवल पार्न सकिने छैन, त्यसबेलासम्म यसको प्रभाव बलियो रहने गर्दछ । हिंसा र हिंस्रक चेतना आधिपत्य वा मालिकत्व भावको उपज हो । मैले भनेको मान्नै पर्दछ, मैले भनेजस्तै हुनुपर्दछ भन्ने सोचाईलाई जब व्यक्ति-समूह वा संगठन विशेषले बलजफ्ती लाद्न खोज्छ, तब सभ्यताको खोल च्यात्च्यूत पार्दा देखापर्ने

व्यवहार हो, हिंसा । सभ्यताको विपक्षमा देखापर्ने यसले मानवलाई समभ्रुदारी सदभाव र मानवीय मूल्य मान्यताभन्दा पर धकेल्ने गर्दछ ।



इतिहासको कालखण्डमा अनेकौं यस्ता घटनाहरु पाइन्छन् जसले सीमित समयका लागि मानवीयताको भावना ठप्प पारिदिएको हुन्छ । त्यस्ता घटनाहरुमध्ये भारतीय उपमहाद्वीपमा चक्रवर्ती सम्राट बन्ने महत्वाकांक्षाले उफार्दा सम्राट अशोकले आफ्नै रक्त सम्बन्धितहरूलाई हिंसाको शिकार बनाउन पुगेका थिए । चक्रवर्ती सम्राट बनी उपमहाद्वीपको अधिपति बन्ने महत्वाकांक्षाले **'कलिंग युद्ध'** गर्न पुगेका थिए । जुन युद्धपश्चात् उत्पन्न चारैतिरको रूवावासी एवं छरपस्टिएका लाशहरूले दिएको पीडाबाट मुक्ति पाउन सम्राट अशोकले आफ्नो हातको सशस्त्र त्यागेर बुद्धधर्म मान्ने कबुल गरेका थिए । त्यसपछिका दिनहरूमा सम्राट अशोकले अनेकन मानव-हितका कार्यहरु गरी समाजिक भलाइका लागि राज्य-कोष समेत खोलेका थिए ।

मानव चेतनामा विद्यमान मालिकत्वको भावले जन्माउने हिंसाजन्य कार्यहरूबाट बच्न सर्वप्रथम शीलको महत्व ठम्याउने चेतनाको दरकार हुने गर्दछ । प्राणीहरु सबैलाई समान दृष्टिले हेर्ने चेतना र आफू श्रेष्ठ अन्य तुच्छ ठान्दै शक्तिको भाषा बोल्ने चेतनाको गुण-अवगुण शीलले बुझाइदिन्छ । अविकसित-असन्तुलित असभ्य चेतनाको परिचय दिने हिंस्रक स्वभावलाई विकसित-सन्तुलित र सभ्यता उन्मुख दिशातर्फ बढाउनको लागि व्यवस्थित गर्ने जुन कार्य छ, सोहीलाई बुद्धधर्मको भाषामा शील भन्ने हो । तथागत बुद्धले मानवताको विषयमा तिख्खर आवाज दिनु आफूद्वारा प्रतिपादित धर्मको जग - त्यसैले शीलमास्थित छ भनी बुझाउनुभएको हो ।

आज भौतिक प्रगति उकाली लागिरहेको बेला मानवीय संवेदना र मानव-मानवमा बीचको हुनुपर्ने सौहार्द्रपूर्णव्यहारमा हिंसाको बादल मडारिरहेको देखेर शान्तिका पक्षमा बोल्ने गर्छन् । हिंसा र शान्ति दुई विपरीत ध्रुवहरु हुन् । हिंसाका काला बादलहरूले शान्ति र सहिष्णुताको व्यवहारका लागि शीलको महत्व अझ बढाइदिएका छन् । आफ्ना एकसय एक जना बन्धुहरूको हत्या गरी राज्य हात पार्ने सम्राट अशोक, इतिहासमा कलंकित अध्यायको रूपमा स्मरण गर्ने कलिङ्ग युद्धका जनक सम्राट अशोक, चण्डालको रुपमा जनताद्वारा बदनाम सम्राट अशोकले बुद्धधर्मले देखाएको मार्गमा लाग्ने अठोट गरी आफूलाई बदलेर देखाए भने हामी एक्काइसौं शताब्दीका चेतनशील मानव समाजका सदस्यहरु हिंसा र हिंस्रक चेतनाको विरूद्ध एकजूट हुन आफ्नै चेतनालाई प्रथमतः व्यवस्थित पार्न किन हच्कने ?

विश्वको इकाई राष्ट्र, राष्ट्रको इकाई समुदाय-समाज, समाज-समुदायको इकाई परिवार, परिवारको इकाई विश्व हो । इकाईबाट समूहसम्म व्यापकता दिने सरल कार्यलाई उपेक्षा गरी विश्वशान्तिको चाहना गर्दैमा पूर्ण गर्नु सजिलो हुँदैन । शान्तिको प्रारम्भ व्यक्तिबाटै हुने हो भन्ने सन्देश सम्राट अशोकको जीवनीले पनि भन्दछ । तसर्थ हिंसाको विरूद्ध शीलको पालना गर्दै प्रथमतः आफ्नै व्यवहारलाई बदलौं । नारा र कोरा भाषणमा अल्झने कार्यलाई त्यागेर आफ्नै चेतनालाई बदलौं ।

हिंसाको चेतना सहितभै तथागत बुद्धलाई हत्या गर्ने चाहने अंगुलिमालको चेतनामा परिवर्तन आएपश्चात् भन्नुभएको यो गाथालाई संझना गरौं- **यो च पुब्बे पमोज्जित्वा पच्छा सो नप्पमज्जति, सो'मं लोकं पभासेति अब्भा मुत्तो'व चन्दिमा** अर्थात्- पूर्वकालमा प्रमादवश गलत मार्गमा लागेको भएतापनि पछि अप्रमादीभै कुशल बाटोलाग्ने व्यक्ति बादल मुक्त चन्द्रझै प्रकाशवान् हुनेछ । विद्यमान भय, आशंका र अराजक हाम्रो वर्तमानका काला बादल हटाउन शील-सद्भाव र मानवीयताको पक्षलिने चेतनाको विकास गर्ने अवसर प्रत्येक नागरिकले पाउन् ! नागरिक नागरिककाबीच सद्भाव विकास गर्न मेरो गोरूको बाह्रै टक्का भन्ने सोचाइलाई त्याग गरी केही लिनका लागि केही दिन पनि जान्ने चेतनालाई विकास गर्न

# द्वन्द्व समाधान र शान्तिको लागि बुद्ध शिक्षा



✍ शिशिल चित्रकार

आज समाज देश विश्व नै अशान्ति, अराजकता, युद्ध, लूट, हत्या, बलात्कार, चोरीडकैटी, भ्रष्टाचार, बेरोजगार, मंहगी, अभाव, अशिक्षा आदि समस्याहरूको भूमरीमा निकै भयावह तरिकाले जेलिएको छ । आजको यो अवस्था कुनै आर्थिक राजनीतिक वादविवाद, सिद्धान्तको गलत परिणाम मात्र हो भन्न कदापि सकिंदैन । जवसम्म विभिन्न क्षेत्रमा कार्यरत व्यक्तिहरूमा हुनुपर्ने दक्षता, कार्य कुशलता, भविष्यद्रष्टा भइ कार्य गर्ने क्षमता हुँदेन तवसम्म कुनैपनि राजनीतिक वा आर्थिक सिद्धान्तले मात्र समाज देश विकास गर्नु कोरा कल्पना सिवाय अरू केही हुन सक्दैन ।

विश्वमा देखा परेको समस्या आजको समस्या मानव ईतिहासको कालखण्डको विभिन्न कडीको निरन्तरता तथा विभिन्न कालखण्डमा यस्ता भयावह अवस्थाहरू पहिले पनि नभएका होइनन् । मानव ईतिहासमा श्रुष्टी तथा विनाशको विभिन्न चरणहर आरोह अवरोहका यस्ता घटनाहरू भइनै रहुन अस्वाभाविक होइनन् तर मानवले इतिहासका यस्ता घटनाहरूबाट पाठ सिक्नुको साटो झन् गलत बाटोतर्फ जाने प्रयास हुनु निकै दुःख लाग्दो छ ।

विश्वको ईतिहासलाई एकातिर छोडेर नेपालको इतिहासलाई मात्र सम्झने भएपनि, स्वर्णकाल लिच्छवी युगदेखि मल्लकाल, शाहकाल, राणाकाल हुँदै हालसम्मको अवस्थामा कयौं गलत राजनैतिक निर्णय, आर्थिक घोटाला, चरम मानवीय शोषण, सामाजिक साँस्कृतिक, आर्थिक विभेद तथा शोषणका घटनाहरूको ठेली बनाउन सकिन्छ । के यस्ता घटनाहरू कुनै राजनैतिक वा आर्थिक सिद्धान्तले मात्र रोक्न सक्छ ? जवसम्म व्यक्तिहरूमा कुशल कर्म, अकुशल कर्म, लोभ द्वेष मोह आदिको पहिचान गर्ने क्षमता हुँदैन तवसम्म कुनैपनि जतिसुकै राम्रा संविधान, ऐन नियमहरूको सफल कार्यान्वयनमा रूपान्तरण हुन असंभव नै हुन्छ । सामाजिक र राजनैतिकको सवालमा मध्यकालमा काजी भिम मल्ललाई पुरस्कार दिनुको साटो उल्टो ज्यान लिएकोले सतिले सरापेको देशको रूपमा चित्रण भएको निरन्तरताको रूपमा भीमसेन थापा, माथवरसिंहदेखि लिएर वैज्ञानिक गेहेन्द्र शम्शेर, गणेशमान, मनमोहन सिंहको घटनालाई यस्तै कडीको रूपमा लिन सकिन्छ ।

देश समाजको हकहित र भलाईको लागि आफ्नो जीवन न्यौछावर गरी, समाजमा अन्य व्यक्तिहरको लागि उदाहरण योग्य पात्र बन्न सक्नुपर्ने नेतृत्व वर्ग स्वंय नैतिकताविहिन, भ्रष्ट आचरणमा चुर्लुम्म डुबेको अवस्थामा देश समाजको विकासको परिकल्पना गर्नु व्यर्थ नै हुन्छ । हजारौं वर्षको ईतिहास बोकेको नेपाल र नेपाली जनता अझसम्म पछौटे भइरहनुमा कुन तत्व जिम्मेवार छन् ? यदि व्यक्तिगत सोच, क्षमता, आचरणमा भेद नभएको भए निश्चयनै सबै राष्ट्रहरूको विकास एकनास हुन्थ्यो तथा विश्वमा हुने र नहुने, विकाससिल, अल्पविकसित, विकसित राष्ट्रको रूपमा विभाजित हुँदैनथ्यो ।

समयको आरोह अवरोह सगै परिवर्तनहरू हुनु स्वाभाविक नै हुन् तर परिवर्तन विकासतिर अग्रसर छन् की विनाशतिर उन्मुख छन् यो शोचनीय कुरा हो । आज भौतिक विकासलाई मात्र विकासको परिचायक मान्ने जुन मापदण्ड छ त्यो स्वयंमा गलत सामाजिक परिवेश र मानसिकताको उपज मान्न सकिन्छ । चिल्ला विल्डिंग., मोटर कार, सडक आदि भौतिक सुविधालाई मात्र विकासको पूर्वाधार मान्ने ? सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक वातावरण जुन किसिमले बिग्रिएको छ त्यसबाट देश समाज विनाशतिर उन्मख भएको भन्न सकिन्छ की सकिंदैन ? आज समाजमा हुने र नहुनेको बीचमा दूरी झन झन बढ्दै जानु, बेरोजगारीको समस्या बढ्दै जानु, उत्पादकत्वमा ह्रास आउनु, महंगी र गरीवी बढदै जानु देश समाजको हरेक क्षेत्रमा देखा परेको यावत समस्याहरूले राम्रो भविष्यको संकेत गर्दैनन् बरू भविष्यमा अझ विकराल समस्या ल्याउने निश्चित छ ।

यस्तो विषम परिस्थिति आउनुमा व्यक्तिहरूको कर्मनै जिम्मेवार छन् भने यस्तो परिस्थितिबाट पार लाउन पनि व्यक्तिहरूको कर्म नै जिम्मेवार बनाउनु पर्दछ । आज समाज देश विश्वको कुनै पनि द्वन्द्व, अन्तरकलह, अशान्तिलाई विश्वको कुनैपनि संविधान, ऐन, कानुन, नियम, राजनीतिक सिद्धान्त, आर्थिक सिद्धान्त, बैज्ञानिक प्रयोगलेमात्र समाधान गर्न सकिंदैन जवसम्म व्यक्तिहरू अकुशल कर्म हटाई कुशल

कर्म गर्न उद्यत हुँदैनन् । आज समस्या समाधानका नाममा विश्वमा जति पनि नविनतम सिद्धान्त, प्रयोग हुन्छ वा भए ति सबै आफैमा दिग्भ्रमित वा अपूर्णमात्र हुन् र पूर्णता केवल बुद्ध शिक्षाले मात्र प्राप्त गर्न सकिन्छ । जहाँसम्म व्यक्तिहरूको कर्मलाई सुधार गर्ने प्रश्न छ बुद्धशिक्षा, व्यवहारलाई जीवनमा उतार्नु प्रत्येक व्यक्तिको दायित्व हो ।

व्यक्तिको मन, वचन, शरीरद्वार हुने दश कुशल कर्म तथा अकुशल कर्म, चार आर्यसत्य, आर्य अष्टांगिक मार्ग, अष्टलोक धर्म, चार ब्रह्म विहार आदि इत्यादिको रूपमा जुन शिक्षा हामी बुद्धशासनमा पाउँछौ त्यसको मर्मलाई बुझेर त्यसलाई व्यबहारमा उतार्न सकेमा समाजका समस्याहरूबाट पार लगाउनु सकिन्छ ।

बुद्धधर्मले कर्म र विपाको बयान गरेर भाग्यवादीमात्र हुन सिकाउंदैन बरू आफ्नो कर्म र विपाक थाहा हुने भएकोले हिजोको गलत कार्यको फललाई निस्तेज पार्न धर्म धारण तथा भविष्यमा राम्रो फलको लागि आज राम्रो कार्यगर्न उद्यत गराई कर्मवादी हुन सिकाउंदछ । धर्मले सही अर्थमा व्यक्तिको परीक्षा लिन्छ र आफ्नो राग, द्वेष र इर्ष्या हटाई स्वच्छ हुने तथा आफुलाइ दूषित वातावरणबाट अलग्ग राखी स्वच्छ हुन प्रेरित गर्दछ । त्यसैले बुद्धले बताउनुभएको छ, अरूलाई जित्नु ठूलो कुरा होईन आफैले आफैलाइ जित्नु ठूलो कुरा हो ।

आज समाजमा व्यक्तिको अन्तरद्वन्द्व– के गरूँ, कसो गरूँ, त्यो गर्ने वा नगर्ने, कसो भन्ने वा नभन्ने, अरूले के गऱ्यो वा गरेन त्यसको कस्तो प्रतिक्रिया जनाउने वा नजनाउने आदि इत्यादी अन्तरद्वन्द्वले घरपरिवारमा हुने कलह, समाजका विभिन्न समूह, जाति, भौगोलिक क्षेत्रमा हुने अन्तरद्वन्द्व नै देश समाज र विश्वको आजको वास्तविक परिचय हुन् । व्यक्तिको अकुशल कार्यलाई कुशल कर्ममा परिणत गर्नु, आफूले आफैलाई जित्नु, कुशल कर्मको बाहुल्यद्वारा समाज देशको विकास गर्नु आजको चूनौति हो ।

बुद्धले रथको चार पांग्राझै धर्मको चार पांग्राको रूपमा भिक्षु, भिक्षुणी तथा उपासक र उपासिका (गृहस्थ पुरूष र आईमाई) लाई भन्नुभएको थियो । त्यसैलै पनि यदि गृहस्थ पुरूष र आईमाई धर्ममा परिपक्व र व्यावहारिक भएन भने घर, समाज अनि देशमा कलह झै झगडा र अराजकताको स्थिति हुनुमा केको आश्चर्य हुन्छ ? यस अर्थमा बुद्धले प्रत्येक व्यक्तिलाई आ–आफूले गर्नु पर्ने व्यावहारिक धर्मपालन गर्न जोड दिनुभयो । जुन व्यक्ति वहाँको मार्गदर्शनअनुरूप हिंड्नु हुन्छ तिनीहरूले आफूलाई ज्ञानको मार्गमा हिंडाउने छन् साथै देश समाजमा पनि नैतिकता र धर्मको वातावरण प्रदान गर्नेमा पनि शंका छैन । जसले शरीर वचन र मनबाट दुश्चर्या गर्दछ, उसलाई सही अर्थमा आफूसंग प्यार हुँदैन । जसले शरीर, वचन र मनबाट सदाचार गर्दछ उसैलाई सही अर्थमा आफूसँग प्यार हुन्छ । जसलाई आफुसँग प्यार छ त्यसले आफूलाई पाप कर्म गर्नमा लगाउँदैन र यसको मर्मअनुरूप देश समाजलाई परिवर्तनतिर उन्मुख गर्न सबैभन्दा पहिले आफूले आफूलाई परिवर्तन गर्न प्रयत्नशील रहन्छ ।

देश समाजमा भएका यावत समस्याहरू व्यक्तिहरूको चार प्रकारको पाप कर्मको कारणले उत्पति भएका हुन् ।

यो लोकमा कतिले छन्द वा प्रेम वा राग वा इच्छा को वशमा लागेर गर्न नहुने पाप–कर्म गर्छ । कतिले द्वेषको वशमा लागेर गर्न नहुने पाप–कर्म गर्छ । कतिले मोहको वशमा लागेर गर्न नहुने पाप–कर्म गर्छ । कतिले भयको वशमा लागेर गर्न नहुने पाप–कर्म गर्छ । यो मेरो मित्र होः, यो मेरो धेरै विश्वासीलो मित्र हो, यो मेरो आफन्त हो अथवा यसले मलाई लंछन(घूस) दिएको छ भनेर पक्षपाती भएर प्रमादको अधिनमा लागेर जिताउनु पर्नेलाई हराएर, हराउनु पर्नेलाई जिताएर, फेरि माथि राख्नुपर्नेलाई तल राखेर वा तल राख्नुपर्नेलाई माथि राखेर विभिन्न प्रकारले असत्य र अयोग्यबाट पाप गरेर छन्दको अधिनमा लागेर गर्न नहुने पाप–कर्म गर्दछ । द्वेषको अधिनमा लागेर अनेक पाप-कर्म गर्नेव्यक्तिले पनि यो मेरो शत्रु हो, यो मेरो मित्र हो भनी गुणलाई पनि दोषमात्र देखेर अगाडि राखी मनमा द्वेषभाव राखेर अनेक प्रकारले अनाचार गर्दछ । भयको अधिनमा बस्नेले पनि यो मान्छे शासकको मान्छे, यसको पक्ष लिएन भने यसले मलाई के गर्दछ के गर्दैन भनेर भय लिएर डराई 'साँचो कुरालाई झूठ र झूठो कुरालाई साँचो' भनी अनेक अपराध गर्दछ । मोहित हुने व्यक्तिहरूले पनि प्रायसः गर्न नहुने काम नै गरिरहन्छ । त्यस्ता व्यक्तिसँग विवेक विचार पनि पुगेका हुँदैनन् । जुन व्यक्ति चार प्रकारको पापकर्म– छन्द, द्वेष, मोह वा भयको वशमा हुँदैन उसको यश-किर्ति शुक्लपक्षको प्रकाश झै झन् झन् बृद्धि हुन्छ ।

आज देश समाजमा भ्रष्ट र भ्रष्टाचारको जुन कुरा उठ्ने गर्छ त्यसतर्फ ध्यान दिने क्रममा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित शब्दकोषमा दिएका व्याख्या, भ्रष्ट – तलतिर गिरेको, पतित, साह्रै खराव, दूषित, खराब आचरणको, दुश्चरित्र, बिग्रेको, विनष्ट, भ्रष्टाचार – नीति र नियमको विरूद्ध आचरण, अनाचार, सरकारी कर्मचारीले घुस खानु,

पक्षपात गर्नु र अरू अनैतिक काम गर्नु भनी दिइएको मनन गर्दा व्यक्तिहरू भ्रष्टाचारी हुनाको कारण समाज प्रदूषित भएकोमा शंका छैन । यस अर्थमा पनि व्यक्तिहरू भ्रष्ट हुनबाट जोगिन, दुराचार, अनाचार, दुष्चरित्रबाट बच्न पनि कुशल कर्म गर्न र बुद्धशिक्षा अंगिकार गर्न अति आवश्यक छ ।

आज समाजको सार्वजनिक प्रशासन, स्वास्थ्य, शैक्षिक, न्यायिक हरेक क्षेत्रमा विकराल समस्या देखा परेको छ र यी समस्याहरूको मूल जड भनेको व्यक्तिगत द्वन्द्व, घरपरिवारमा कलह विग्रह, समाजका विभिन्न वर्ग समूह जातिहरूको बीच भएका द्वन्द्व र यी द्वन्द्वका मूलकारण भनेको व्यक्तिको अकुशलता, अदक्षता भएकोमा शंका नै छैन । आज स्वास्थ्यको क्षेत्रमा व्यक्तिहरू क्यान्सर रोगदेखि व्यक्तिहरूको शीलधर्म भंग हुनाका कारणले हुने एड्स जस्तो भयानक रोग समाजमा व्याप्त भइरहेको अवस्था छ । शिक्षा क्षेत्रमा करीव चार दशकदेखि लागु भएको निजी स्कुल कलेजबाट के कस्तो जनशक्ति उत्पादन भए ? युवा वर्गमा देखेको मानसिक कुंठा, विदेश पलायन हुने प्रवृति र हाल आएर इन्टरनेट, मोवाइल सेट, एस.एम.एस.ले ल्याएको मानसिक विकृति तथा दुरूपयोगलाई शिक्षा क्षेत्रको असफलता वा सरकारी अनुगमन, नियन्त्रणको भूमिकाको असफलता मान्न सकिन्छ वा सकिंदैन ? उद्योग, व्यापार व्यवशायमा आएको समस्याले भएका उद्योग व्यापार व्यवशायहरू बन्द हुँदै जानु र नयाँ स्थापना गर्ने वातावरण नहुँदा झन् बेराजगारी र मंहगीको समस्या चर्किंदै जाने देखिन्छ । यी सबैको जडमा व्यक्तिको अज्ञानता वा अकुशलता नै यसको मूल कारण हो भन्न सकिन्छ ।

बुद्धले कूटदन्त सूत्रमा देशको प्रशासनिक सामाजिक अवस्था राम्रो हुन देशको आर्थिक अवस्था नै पहिला राम्रो हुनु पर्ने कुरा बताउनुभएको थियो । देशको आर्थिक अवस्था राम्रो पार्नको लागि चोर डाँकाहरूलाई निर्मुल पार्नु पर्दछ । आर्थिक अवस्था राम्रो बनाउनको लागि, किसान वर्गलाई बिउ आदिका व्यवस्थासहित रोजगारको व्यवस्था गर्नु, व्यापारी(उद्योगी)हरूलाई लगानीको व्यवस्था गरिदिनु, तथा कर्मचारीहरूलाई खानापिना र तलवको व्यवस्था गर्नु पर्दछ । यसरी समाजको प्रत्येक वर्गको व्यक्तिलाई रोजगारका व्यवस्था गर्नु पर्दछ ।

देशमा विगतका संविधानले व्यक्तिको मौलिक हक तथा निर्देशक सिद्धान्तद्वारा देशसमाजको विकासको परिकल्पना गर्नु तथा हालको अन्तरिम संविधान २०६३ ले पनि राज्यले समावेशी, समन्याय, गरीवी निवारण, विकेन्द्रीकरण दुर्गम क्षेत्रको विकास आदि इत्यादिको नीति अवलम्वन गरेको छ । तर जबसम्म त्यसलाई सफल रूपमा कार्यन्वयन गर्ने सक्ने सक्षम र कुशल जनशक्ति हुँदैन खालि नीतिनिर्माण कागजी नारामा मात्र सीमित हुनेमा शंका छैन । जबसम्म व्यक्तिहरूमा चार प्रकारले पाप कर्म नगर्ने क्षमता, सामर्थ्य हुँदैन तबसम्म कुनैपनि ऐन नियमले कार्यान्वयनमा पूर्ण सफलता नपाउनेमा दुइमत छैन ।

देशमा मुलकी ऐन लगायत विभिन्न ऐन, नियम, कानुन जस्तै भ्रष्टाचार निवारण ऐन २०५९, राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४, आदि ऐन तथा नियमहरूको सफल कार्यान्वयनको लागि पनि कुशल कर्म गर्ने व्यक्तिहरूको अपरिहार्य आवश्यकता छ । मुलकी ऐनमा भएको व्यवस्था "कार्यालयको समयमा ठट्टा मस्करी गर्न हुँदैन" गरेमा कारवाहीको हुन्छ भन्ने व्यवस्था गरेको कति कर्मचारीलाई थाहा होला ? के मुलुकी ऐनमा व्यवस्था हुँदैमा यस्को कार्यान्वयन आफै हुन्छ ? व्यक्तिको सचेतताको केहि भूमिका रहँदैन ? व्यक्तिको वचनद्वारा हुने अकुशल कर्म–व्यर्थको गफ, बकवाशबाट बच्नु पर्ने ज्वलन्त उदाहरण यो भन्दा अर्को के हुन सक्छ एकातिर फजुल गफबाट व्यक्तिको अकुशल कर्म हुने भयो भने अर्कोतिर सरकारी समय, श्रम साधनको दुरूपयोग समेत हुने भयो ।

देशको सीमित श्रोत साधनको उचित प्रयोग, उचित बाँडफाँड, आवश्यक जनशक्तिसमक्षसम्म पुऱ्याउन, दिगो विकास, प्राकृतिक वातावरण संरक्षित र सन्तुलित कायम राख्न तथा भविष्यका पुस्ताहरूको समेत प्राकृतिक श्रोत साधनमा पंहुचयोग्य बनाउन आज प्रत्येक क्षेत्रका प्रत्येक व्यक्तिहरूको कार्य कुशलता अभिवृद्धि, लोभ द्वेष, ईर्ष्या मोहजस्ता अकुशल कर्म, कृयाकलापमा नियन्त्रण गर्नु आवश्यक छ र यसको एउटै मार्ग, उपाय भन्नु– बुद्धशिक्षा नै हो ।

आज समाज देशमा भएको व्यक्तिगत अन्तरद्वन्दवदेखि समूहगत, भौगोलिक सीमाको अन्तरद्वन्द, आर्थिक राजनैतिक द्वन्द हटाइ स्वच्छ र समन्यायिक, मानवअधिकारको हकहित संरक्षण आदिको लागि व्यक्तिको कुशल कर्म अपरिहार्य छ । बुद्धशिक्षाको माध्यमबाट धार्मिक व्यक्तिहरूको जमात तयार गरी यसको माध्यमबाट विभिन्न समूह जाति, भौगोलिक क्षेत्रमा भएका अकुशल अन्तरद्वन्दलाई कुशल कर्ममा रूपान्तरण गरी समाज देशलाई विकासको गतिमा दोहऱ्याउन, शान्तिको पथमा पहिऱ्याउन बुद्धशिक्षानै एकमात्र विकल्प हुन् र यसलाई समाजको हरेक वर्ग क्षेत्र व्यक्तिसम्म पुऱ्याउन आजको आवश्यकता हो ।

# हेराकाजी सुजिका र उनको असन्तुष्टि

✍ सुनिल महर्जन

हेराकाजी सुजिका बौद्ध समाजका एक परिवर्तनकारी र जुझारूक ब्यक्तित्व हुनुहुन्थ्यो । समान्यतया समाजमा यस्ता ब्यक्तिलाई क्रान्तिकारीको संज्ञा दिन सकिन्छ । थेरवाद बौद्धधर्मप्रतिको उनको निष्ठा र त्यसको शिक्षाले उनलाई एक किसिमको विद्रोही बनाएको हुन । यसै स्वभावगत बिषेशता बोकेका हेरकाजी सुजिकाले आफ्नो तरिकाले थेरवाद बौद्ध धर्मको उन्नयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु भयो । जीवनको पछिल्ला दिनहरूमा उनी थेरवाद बौद्ध क्षेत्रका केही पक्षहरूलाई लिएर निकै असन्तुष्टि हुनुहुन्थ्यो । त्यसबखत दिनानुदिन वहाँको असुन्तुष्टि चुलिंदै गयो । बौद्धधर्मको विकासमा अथक रूपले लागी पर्नु भएका ब्यक्तित्वले संकेत गरेका कुरा र उठाएका असन्तोषका पक्ष हाम्रोलागी सम्झन योग्य छ । शिक्षाप्रद र प्रेरणादायी छ । त्यसको सर्न्दर्भिकता घट्नुको सट्टा आज झन बढीरहेको छ ।

भनिन्छ असुन्तुष्टि वा कचकच गरिरहने स्वभाव वर्तमानलाई बदल्न चाहनेको लक्षण हो । हेराकाजी सुजिकाले हेरक भेट र कुराकानी धर्मको नाउँमा स्थापित हुँदै गएको विकृति विसंगति र गलत परम्परा र कुसंस्कारप्रति उहाँको तिब्र आक्रोस थियो । बौद्धधर्मका संरक्षणका आधारस्तम्भका रूपमा रहेको अधिकाँस भिक्षु अनगारीकाले त्यस विषयमा सजग नभएको उहाँले औंल्याँथ्यो । उपासक उपासिकाहरू पनि भिक्षु अनगारीकाहरूलाई सचेत गराउनुको सट्टा त्यसैमा तल्लीन रहेको उनको भनाई थियो । थेरवाद बौद्धधर्मको भविश्यप्रति शंका गर्नुहुन्थ्यो ।

बषैपिच्छे विहार विहारमा आयोजना गरिने कठिनदानमा हुने तडकभडक ( कथिन चीवरजात्रा ) दानप्रदान, पुजा पाठ, भक्तिमार्गमा नै तल्लिन हुने प्रवृत्तिप्रति उहाँको तिब्र आक्रोस थियो । भिक्षु समाजले बौद्ध परियत्तिको विकासकालागी पूर्वाधार खडा गर्ने कार्यमा ठोस रूपले नलागेको र समाजमा धर्मको आवरणमा हुने बेथित जस्ता बिषयमा उनले निरन्तर आलोचना गरिरह्यो । जुन कुरा त्यस संरचना र अवस्थालाई टिकाई रहे, हालिमुली गरिरहनेहरूलाई पटकै मनपरेको थिएन । यस कुराको बोध उहाँमा नभएको भने होइन ।

बुद्धले तत्कालीन समाजमा जातिभेद उँच नीच र इश्वरको नाउँमा हुने बलिप्रथा जस्ता परम्परालाई नमानेर चुनौती दिएका दिए । त्यसलाई हेराकाजी सुजिका मनन गर्नुहुन्थ्यो । उहाँले गर्ने आलोचना बुद्धको त्यसपक्षबाट प्रेरित थियो । त्यस असन्तुष्टिमा आवेश, भावना र विचारको समिश्रण थियो । झट्ट हेर्दा र सुन्दा रीस उठेपनि त्यसमा बौद्ध शिक्षाबाट निर्देशित हुनुपर्ने जोडको प्रतिध्वनी सुनिन्थे ।

सामान्यतया सस्तो लोकप्रियता चाहने ब्यक्तिले आफ्नो मान सम्मानलाई जोखिममा पारेर जे सुन्न चाहने त्यही सुनाउने, झूठ बोल्ने सत्य बोल्ने खालको हुन्छन् । आफ्नो मान सम्मानलाई जोखिम राख्न चाहँदैन । आफ्नो तर मनले देखेको सत्य बोलिरहन्छ । बोल्न छाड्नु हुन्न । बडो निर्भिकताका साथ भन्नुहुन्थो । यो उहाँको स्वभावको एउटा विशिष्ट पक्ष हो ।

आफ्ना पारिवारिक दायित्वलाई भन्दा बौद्ध धर्मको कार्यलाई प्राथमिकता राख्ने हेराकाजी सुजिकाको भाषा भने औपचारिक थिएन । उहाँ औपचारिकतामा बोल्न जानुहुन्थ्यो । परियत्ति अध्ययन गराउन घरघरमा गएर विद्यार्थीलाई बोलाउने, धाउने, हाजिरजवाफमा सहभागीहरू खोज्दै सहज बातावरण तयार गर्न लागिरहने उनको स्वभावको एक विशेषता थियो । झ्वात्त हेर्दा साधारण लागेपनि सुक्ष्मरूपले नियाल्दा बुद्धप्रति श्रद्धाभाव झल्किन्थ्यो ।

यस्ता ब्यक्ति पछिल्ला दिनमा आफु संलग्न हुँदै आइरहेको विहार र अन्य बौद्ध विहार गतिविधिले असुन्तोष उत्पन्न भयो । परिणाम स्वभाव उहाँले यस क्षेत्रबाट टाढा बस्ने अठोट गरे । उहाँ आफैले स्थापना गरेको लगातार ५ बर्ष सम्म अनुपस्थिति हुनुहुन्थ्यो ।

कतिपय कार्यक्रमहरूमा महत्वपूर्ण भूमिका निर्वाह गरेपनि, मञ्चमा आसिन नगराउँदा, सम्मानको योग्यदार नसम्झिंदा पनि उहाँ खासै विचलित हुनुभएन । तर मेरो अनुभवमा मानिस हो, नजादिंदो पाराले उहाँको मनमा कताकता

त्यो भाव देखिन्थ्यो । त्यसबेला आफुलाई नै सम्फाउनुहुन्थ्यो । यस अयस, लाभ लाभ सम्मानबाट मानिस विचलित हुनुहँदैन आफ्नो मनलाई दृढ पार्दै उहाँ भन्नुहुन्थ्यो । मैले काम हो भाषण गर्ने होइन । उहाँका यी कथनहरू एउटा निष्काम कर्मयोग जस्तो लाग्थ्यो । काम गर्दा फलको आस नगर्ने फल नपाउँदा क्रोधित र विषक्तभाव नभएकोले हेरकाजी सुजिका महाभारत कथामा कृष्णले अर्जुनलाई दिएको उपदेश गीतामा वर्णित कर्मयोगका प्रतिमुर्ति भन्दा अतियुत्ति नहोला ।

तर यस्ता ब्यक्तिको शबयात्रामा भिक्षु समाजले उपस्थित हुनु आवश्यक ठानेनन् । यस्ता बयीक्ताङ्ग सम्मान दिन नसक्नु अधिकांस भिक्षुहरूमा ब्याप्त मानसिक दरिद्रताको परिचायक हो । यसको आधारमा उहाँको योगदान बौद्ध जगतमा कम रहेको पनि आँकलन गर्न मिल्दैन । इतिहासमा यस्ता घटनाहरू नभएका पनि होइनन् । कार्लमाक्स मर्दा शवयात्रामा दुइजना उपस्थित हुनुहुन्थ्यो । यसो भनेर मैले कार्ममाक्ससंग तुलना गरेको होइन । यस्ता ब्यक्तिलाई अहिले पनि गुण सम्फिरहेका छौं । हेराकाजी सुजिकाको भौतिक शरीर हाम्रो सामु छैन । उनको चेतना विचार कर्म हाम्रो सामु छन् । उनैको साथ र प्रेरणा पाएर बुद्धधर्म अध्ययन गरेका युवापुस्ताहरू हाम्रो माफमा छन् । यो उहाँको एक किसिमको कृति पनि हो । यसलाई संस्थागत तर्फ जोड दिनुपर्छ ।

नेपालको थेरवाद धर्म पुर्नजागरण भएको ७० बर्ष बितिसक्दा पनि संस्थागत रूपमा विकास भएको छैन । उनको साथ पाएका युवावर्ग र बौद्ध समाजले बौद्धधर्मलाई संस्थागत विकास तर्फ अघि बढाउनु नै ती ब्यक्तिको योगदानको सच्चा कदर हुनेछ । यसर्थ उनको विचार र सोचलाई पदचापको रूपमा मानेर उहाँको मर्मलाई दरोसंग पक्रिएर बौद्धधर्मको क्षेत्रमा विकृति र विसंगति हटाउनु र धर्मलाई सामाजिक रूपान्तरको माध्यम बनाई क्रियाशिल हुनु नै उनीप्रति सच्चा सम्मान र श्रद्धान्जली गरेको ठहर्नेछ । । उनी यसका हकदार पनि हुन् । त्यसैले बौद्ध समाजले उनीप्रति न्याय गर्नुपर्छ । नत्र उनका परिवार र समाजले हेरकाजी सुजिकाले जीवनभर संघर्ष गरेर के पाए ? भन्ने प्रश्न उठाउन सक्नेछन् त्यो भन्दा पनि ठूलो कुरा हो बौद्ध समाजले उनीप्रति न्याय नगरेको ठहर्छ । न्याय पाउनु पर्ने ब्यक्तिलाई न्याय नदिनु अन्याय सरह हो । के बौद्ध समाज आफु थाप्लो अन्याय भएको आरोप लगाउन तयार छन् त ?




महलको सुख सयल सब छोडी
हिँड्न लागे कुमार मोहभङ्ग तोडी ।

घर त्याग्नुपूर्व पुत्र हेर्ने एकपटक रहर
अपूर्व मिलन रात्रीको प्रहर ।

सारथी छन्न पनि दुःखी
घोडा कन्थक पनि दुःखी ।

मारले गर्न सकेन कुनै बाधा
गौतमलाई पुग्नु छ धेरै टाढा ।

ड्ढ कुमार हिँडे साठी योजन पारी
सत्यको सुखद मार्ग खोज्ने यो तयारी ।

सँगै प्रव्रजित हुने छन्नको चिन्ता
हुन्न नभए कसले पुऱ्याउँछ खबर यो कान्ति ।

गऱ्हुँगो मन लिएर बहाई अश्रुधारा
छन्न फर्कियो नितान्त एकलै बिचरा ।

वेदना अति थाम्न गाऱ्हो भो
कन्थकलाई प्राण जोगाउन साऱ्हो भो ।

छन्न फर्कियो बिछोड सबै सँगाली
समयको चक्रव्यूह जम्मै अँगाली ।

छैन वियोगको कुनै अन्त भन्ने जानेर
फर्कियो एक्लै छन्न कपिलपूर प्रान्त चुपचाप सहेर ।

# सद्धर्मअनुरुप शासनको निम्ति राष्ट्रिय भावना र धर्मचित्त



✍ लोकबहादुर शाक्य

त्रिपिटकमा उल्लेखभएबमोजिम दुःखआर्यसत्य भनेको जन्म हुनु, बुढाबुढी हुने, रोग लाग्ने, मरण हुने दुःख, शोक, भय, पीडा, रूनुपर्ने, परेशान हुने, मन नपर्नेसँग योग हुने, मन परेकोसँग वियोग हुने, इच्छागरेको पुरा नहुने दुःख । सत्य कुरो त पाँचइन्द्रीय धारण गर्नु नै दुःख हो । दुःखसत्य भनेर भने पनि धेरै जसोले यथार्थ रूपले दुःख सत्यबोध गर्न सकेको छैन । कसैले बुद्धधर्मलाई निराशावाद पनि भनेको छ । जुन धर्म परमात्मा तथा परविश्वासको भरमा रहनु नपर्ने, अनीश्वरवाद भइरहेको, कोही पुरोहितको गुलामी नभै स्वतन्त्ररूपले दुःख मुक्त हुने मार्ग देखाइदिने हो त्योभन्दा आशावादी कुन धर्म हुनसक्छ ?

बुद्धधर्मअनुसार दुःखको कारण आफूनै हो । आँखा भएतापनि अन्धा जस्ता विद्याहीन भएको छ आफूसँग भएको तृष्णा, लोभ, लालच फेरि जन्म हुने कारण हो । बुद्धधर्मको मूल उद्देश्य निर्वाण प्राप्त गर्नु हो, काय, वाक र चित्त शुद्ध गरेर राग, द्वेष, मोह अहंकार ममकार निर्मूल गर्नसके यही जीवनमा निर्वाण प्राप्त गर्न सकिन्छ । शान्त, निर्मल हुन सकेमा कुनैपनि प्रकारको वन्धनबाट मुक्त हुने भयो । निर्वाण प्राप्त भएपछि फेरि जन्मनु पर्ने छैन । उदाहरणको निम्ति विजुलीको स्वीच बन्द गरिदियो भने करेन्ट रोकेर बत्ति बन्द हुन्छ अथवा जन्म मरणको बाटो नै बन्द हुन्छ । अझ स्पष्ट गर्ने हो भने बिजुली बत्तिको हेतु करेण्टको धार हो । करेन्ट छैन भने बत्ति बल्ने छैन । करेन्टजस्तो तृष्णाा नभए पछि निर्वाण प्राप्त हुने भयो ।

डा. अनोजा गुरूमांको 'शान्ति अभिप्रेरणा' पुस्तकमा उल्लेखभएबमोजिम मन, चित्त, विज्ञान भनेको परिवर्तनशील स्वभाव हो । कुशल काम गर्दा राम्रो फल मिल्छ भने अकुशल काम गर्दा खराव फल मिल्छ । कालो खाएर सेतो मलमूत्रत्याग गर्न सकिन्न त्यस्तै सेतो खाएर कालो पनि त्याग्न सकिंदैन । कर्म फलअनुसार भोग्नुपर्छ संसार सबै चित्तले बनाइराखेको हो । चित्तलाई नियन्त्रण गरिराख्नु अति गाह्रो छ । चित्त र कामविषय तलको धम्मपदको गाथा उल्लेखनीय छ :-

**मनोपुब्बङ्गमा धम्मा-मनोसेट्ठा मनोमया ।**
**पनासाचे पदुट्ठेन- भासति वा करोति वा**
**ततो नं दुक्खमन्वेति- चक्कंव वहतोपदं ॥**

(अर्थ- जुन अवस्थामा पनि मन (चित्त) पहिले जान्छ । त्यसैकारण मननै मुख्य या महत्वपूर्ण भएको हो । मन नै सबैतिर व्याप्त भएको छ । नराम्रो चित्तले कुरा वा काम गर्दा त्यो व्यक्तिसँग पछिपछि गाडीको चक्का गुडेर आएजस्तो दुःख पनि संगसँगै आउँछ ।)

राम्रो चित्तले कुशल काम कुरो गऱ्यो भने आफूसँग आइराखेको छायाँजस्तो सुख पनि पछिपछि आउँछ । प्रतिक्षण अनुभव भैरहने दुःख निर्मूल गर्न तलका धम्मपद गाथा बोध गरी सदाचारी भएर चित्तलाई एकाग्र पारिराख्नु पर्छ :-

**सब्ब पापस्स अकरणं- कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं- एतं बुद्धानुसासनं ।**

(अर्थ- सम्पूर्ण पाप नगर्ने, सम्पूर्ण कुशलकर्म, पुण्य कर्म गर्ने, जम्मा पार्ने, आफ्नो चित्त परिशुद्ध गर्ने यही पहिलेदेखि बुद्धहरूको उपदेश हो ।)

मानिसले मात्र निर्वाण वा मोक्ष प्राप्त गर्न सक्नेकुरा बुझ्नुपर्छ । त्रिपिटकमा उल्लेख भएवमोजिम जसले चित्तलाई शुद्ध गरेर राम्रो ठाउँमा राख्ने क्षमता हुन्छ, शान्त भएर लोभ-लालच-द्वेष-मोह-तृष्णा-अहंकार-ममकार निर्मूल गर्न सक्छ, त्यो व्यक्ति महिला या पुरुष, भिक्षु या भिक्षुणी, गृहस्थी या प्रव्रजित जो सुकै भए पनि सबैले निर्वाण प्राप्त गर्न सक्छन् ।

जान्नु बुझ्नु क्षमता विकसित गर्न, निरोगीभै लामो समय बाँच्न चित्तकै महत्वपूर्ण भूमिका भएको छ । परमात्मा अथवा अरूको भरमा नपरी आफ्नै स्वतन्त्र चिन्तनद्वारा बुद्धोपदेश बोध गरेर मजवूतपूर्वक चर्या गरेमा दुःखबाट मुक्त हुने सिद्धान्त स्पष्ट छ । चित्तलाई नियन्त्रण गर्न सकेन भने मनपरितन्त्रमा झर्ने स्वभाव छ । आजकल देशको स्थिति अत्यन्त भयछर डरलाग्दो भैरहेको छ । अशान्त, वन्द-हडताल, अपहरण, वादविवाद, झैझगडा, वेमेल आदि विकृति देखापरेको छ । यसको कारण खोज्दा सम्वन्धित मानिसहरूले चित्तलाई

कावुमा राख्न नसकेको भनी सजिलै बुझ्न सकिन्छ । सद्धर्मअनुरूप देशको शासन चलाउनको निम्ति धर्म, राजनीति, समाज, नागरिक क्षेत्रका नेता र पदाधिकारीहरू समेत सबै नेपालीले राष्ट्रिय भावना जगाई धर्मचित्त उत्पन्न गर्नु अत्यन्त जरूरी भैरहेकोछ । सबै धर्मको उद्देश्य भनेको 'कुशल मंगल कामकुरो गर्ने, मैत्री करूणा सेवा समान भावना विकसित गर्ने बोध गरी व्यवहारमा प्रयोग गर्न सकेमात्र लोकतन्त्र विकसित गर्नसक्ने भयो ।

मनोभावना सुमार्गतिर अग्रसर गराउनको निम्ति भौतिक विकासको साथै आध्यात्मिक विकास अनिवार्य भएको सिद्धान्त विश्वव्यापि भैरहेकोछ । यसै क्रममा आध्यात्मिक विकासमा विश्वास हुने सबै वर्गका व्यक्तिहरूले उपरोक्त सद्धर्मप्रति समर्पण गरेर यथार्थ धर्मचित्त उत्पत्ति गर्नुपर्‍यो । जीवनको पलापलामा व्यवहारिक पक्षको ध्यान भावनाको सिलसिलामा वोधिसत्वको भावना जागृत नभएकाले वोधिचित्तको भावना, करूणाहीन मनुष्यले करूणा भावना, हिंसा प्रवृत्ति मनुष्यले अहिंसात्मक भावना, ईर्ष्यालु मानिसले मुदिता भावना, विषय वन्धनमा वद्ध मानिसले वन्धनबाट मुक्त हुने भावना, कन्जुस र लोभी मनुष्यले दानशीलको भावना, अभिमानी मनुष्यले विनयशील भावना, क्रोधी, व्यक्तिले सहनशीलताको भावना, अल्छी मनुष्यले जाँगरिलो भावना, विक्षिप्त मन भएकाले स्थिर प्राप्तिको भावना, अकर्मण्य मनुष्यले विशुद्ध कर्मगर्ने भावना, अनित्य कुरामा अनुरक्त मानिसले नित्यताको भावना, सांसारिक मायाजालमा अल्झेका व्यक्तिले सम्पूर्ण मायाजालबाट मुक्त हुने भावना समेत जागृत गर्न सके चित्तलाई राम्ररी नियन्त्रण गर्नसक्ने भयो । अनि सद्धर्मको चर्याद्वारा निर्वाणको मार्गमा पुग्ने भयो ।

## हार्दिक श्रद्धाञ्जली



जन्म
१९८९ असार १९

स्वर्गारोहण
२०६६ भदौ २२

**स्व. तुल्सीमाया महर्जन**

**हाम्रा ममतामयी आमा/हजुरआमा**
**तुल्सीमाया महर्जनको असामयिक स्वर्गारोहण भएकोमा हामी मर्माहत भएका छौं । तुल्सीमाया महर्जनको सुगति एवं आत्माको चिरशान्तिको एवंम् निर्वाण सुखको कामना गर्दछौं । साथै यस शोकको घडीमा हामीप्रति समवेदना एवं सहानुभूति प्रकट गर्नुहुने समस्त इष्टमित्रहरूप्रति हार्दिक आभार प्रकट गर्दछौं ।**

**छोरा/बुहारी**
राम महर्जन
बिमला महर्जन
बाबुकाजी महर्जन
सावित्री महर्जन

**छोरी/ज्वाई/नाति/नातिनी**
सानुमैयाँ महर्जन/गोरेकान्छा महर्जन
सुरोज महर्जन
सानुमैया महर्जन

**नाति/नातिनी**
सुनील महर्जन, सुनीता महर्जन, सुजन महर्जन, दीपक महर्जन, सुमन महर्जन
एवंम् समस्त शोकाकूल परिवार

## बुद्धधर्म प्रचारार्थ आयोजित "विशाखा मेला" मा हार्दिक स्वागत छ ।

**मेलाको आकर्षण : स्वादिष्ट खाना, आकर्षक पोशाक, श्रृंगार सामान इत्यादि ।**

## बच्चाहरूको लागि विशेष मनोरञ्जन

विशाखा मेला हुने मिति : २०६६ कार्तिक १४ शनिवार
(Oct 31st 2009)
समय : विहान १०:०० – साँझ ७:०० बजे
स्थान : बैठक इभेन्ट्स भेन्यू, त्रिपुरेश्वर, काठमाडौं ।

आयोजक
**बौद्ध महिला संघ, नेपाल**

# अंगुलिमाल - ४

– चित्र : भिक्षु उत्तम

– कथा : भिक्षु जनक



# जीवनको यथार्थता - दु:ख

✍ भिक्षु जनक



२१ औं शताब्दिमा आएर विज्ञानको प्रगति क्रान्तिकारी र आश्चर्यजनक गतिले भइरहेको छ । संसारमा भएका सम्पूर्ण प्राणीहरु आफ्नो सुखको निम्ति, सुखको कामना गरी यही प्रगतिको पछाडि कुनै सुझबुझबिना त्यसका पछाडि दौडिरहेका छन् । विज्ञानको धेरैभन्दा धेरै खोजतलासका कारणले गर्दा यस संसारमा धेरै सुख सुविधाहरु उपलब्ध भइरहेका छन् । आज हामीसँग त्यस्ता के सामानहरु छैनन्, जसले हामीलाई सुखसुविधा पुर्याओस् । जस्तै वासिंग मेशीन, ओभन, फ्रिज, मिक्सर, रेडियो, टिभी, कम्प्युटर आदि । आज हाम्रो घरमा काँचका, स्टीलका, भाँडाकुडाहरु छन् । लुगा धुने मेशीन छन् । रेडियो, टिभी, क्यासेट आदि भौतिक सरसाधनहरु के मात्र छैन ?

हुँदाहुँदा मासिसहरु चन्द्रमासम्ममा पनि पुगिसकेका छन् र मंगल ग्रहमा पाईला राख्ने क्रममा छन् । यी नै यावत कुराहरूले मानिसको बुद्धिलाई नै आश्चर्यमा पार्ने खालका विभिन्न भौतिक प्रगतिको बाटोमा अगाडि बढिरहेका छौं । यी नै लगातार निर्माण भईरहेको सुखसुविधा हामीलाई प्राप्त भए तापनि के हामी सुखी भईरहेका छौं ? के हाम्रो दु:ख, चिन्ता तथा आपतविपत कम भएको छ ? यसको जवाफ निकै नै निराशाजनक भएको हामी पाउँछौं । हामीलाई यो भन्न कर लाग्छ कि जति बढी भौतिक सुख, जति बढी सुविधाहरु हामीले लाभ गरिराखेका छौं । त्यत्ति गुणा नै दु:ख हामीलाई बढिरहेको छ । त्यो अलिकति पनि कम हुन पाइरहेको छैन ।

## दु:ख र यातनाका स्वरूप

गरिबी निरन्तर रूपमा बढ्दै गईरहेको छ । कसैलाई एक छाक खानलाई धौ धौ छ भने कसैलाई एक सरो लुगा लगाउनका लागि छैन । कसैलाई बस्नलाई घर छैन भने घर भएकाहरूको घर चलाउनका लागि काम छैन, झुपडीको संख्या दिनप्रतिदिन बढ्दो छ भने चोरी डकैती, हत्याहिंसा, दंगाफसाद बढिरहेको छ । असंख्य मानिस सडकमा जीवन बिताउन बाध्य छन् । छिमेकीको घरमा लूटपाट मच्चिरहेको छ भने थाहा छैन कुन बेला आफ्नो घर पर्ने हो । नयाँ नयाँ रोगको प्रकोप बढ्दो छ । सबैलाई चिन्ताले चितातर्फ धकेलिरहेको छ । राम्रोसँग हेर्‍यौं भने संसारका सबै प्राणी रोइरहेको छ, चिल्लाइरहेको छ ।

जोसँग घर छ, उसँग रोजगारी छैन । रोजगारी छ त रोजगारीबाट सन्तुष्ट छैन । तलब मिल्छ त त्यसबाट परिवार चलाउन पुग्दैन फेरि रोजगारी कहिले खोसिने हो भर छैन । परिवारका परिवार सबै आ-आफ्नो कुरामा चिन्ता गरिरहेका छन् । उनीहरूको सुखी समाधान कुनै प्रकारले सम्भव हुन सकिराखेको छैन ।

जोसँग धनसम्पत्ति छ र उद्योगधन्दामा संलग्न छन् उनीहरु आफ्नो धन सुरक्षित गर्नुमै चिन्तातुर छन् । व्यापार उद्योगमा उनीहरूलाई नाफा नोक्शानको पनि सोच छ । उनीहरु अनेक चिन्ताहरूबाट घेरिएका हुन्छन् । कुनै कुनै घरका मानिस बिरामी भएका कारणले गर्दा त्रस्त छन् भने कोही शासकीय कठोर नियमहरूबाट बच्ने उपायहरु निकाल्न मै तल्लीन छन् । कुनै आफ्नो कारखानाबाट निर्माण हुने वस्तुहरूका निम्ति आवश्यक कच्चा मालको अभावले चिन्तित छन् त कोही तयार भएका माल बिक्री नभएकोले त्रस्त छन् । कहीं मजदुर आन्दोलन त कहीं सामानहरु पुरानो भएकाले उत्पादनमा गिरावट आउने चिन्ता । यी नै विविध कारणले गर्दा व्यापार उद्योगमा सम्बन्धित जो कोही पनि यी नै कुराहरूबाट चिन्तित छन् । उनीहरु सुख चैनबाट कोशौं पर छन् ।

विविध समस्याहरु यात्रा गर्दा, रोगी हुनु, बच्चाहरूको समस्याहरु, अदालती झन्झट, फोहरी राजनीति, आत्मजनको निधन हुनु, आदि समस्याहरूले गर्दा हाम्रो जीवन घेरिएको

हुन्छ । दुःख, चिन्ता र तनावले जीवनग्रसित छ ।

**सुखी को छ त ?**

साधु सन्त सन्याशीहरु सुखी छन् त ? होइन, उनीहरु पनि आफ्नो संगठन विस्तार गर्न र बलियो बनाउन नै व्यस्त छन् । यदि हामीले राजामहाराजालाई देख्यौँ भने उनीहरु पनि सुखी छैनन् भन्ने कुरा थाहा पाउँछौँ । कतै शत्रुले आक्रमण गर्ला कि भन्ने सदा उनीहरुमा डर हुन्छ । के नेताहरु सुखी छन् त ? पक्कै पनि छैन । विचरा उनीहरु त आफ्नो प्रतिष्ठाका निम्ति मरीमरी दौडिरहेका हुन्छन् । आफ्नो प्रतिस्पर्धीसँग सदा पीडित छन् र एक आपसमा हावी हुनका निम्ति प्रयत्नशील छन् । कुटिलताको शिकार उनीहरु पनि हुन् ।

त्यसैले पूरै विश्वलाई हामीले आँखामा चित्रण गर्ने हो भने संसारमा सुख क्षणिक र अनित्य, दुःख नित्य र चिरकाल भएको अनुभव हामीलाई हुन्छ । सुखको प्राप्तिका निम्ति त्यसको पीछा गर्दै जम्मै दौडिरहेको हुन्छ र त्यसलाई प्राप्त गर्ने प्रतीक्षामा उसले दुःख नै दुःख मात्र भोगिरहेको छ । र फेरी संत्रस्त भएर उसको मानसिक तनाव वा दबाब यदि सीमा नै नाघेको खण्डमा त त्यस क्षणबाट छुटकारा पाउनका लागि उसले समाचारपत्र पढ्छ, तास खेल्छ, रेडियो सुन्छ, टिभी हेर्छ, हलमा जान्छ, पार्कमा जान्छ, साथीसंगीहरुसँग गफसफ गर्न जान्छ । यसरी यावत प्रयास गरी व्यक्तिले आफ्नो मानसिक दबाबलाई कम गर्ने बाटो खोल्छ तर लाख प्रयत्न गरे तापनि उसको मानसिक अवस्थामा त परिवर्तन आउन सक्दैन । अझ झन् उसमा मनको दुःख अझै बढ्दै जान्छ । दुःखको बोझ हटाउन, दुःख बिर्सन धेरै सामग्रीहरुको संकलन उसले गरेको हुन्छ । तर पनि उसले दुःखलाई मेट्न सक्दैन । अनि उसमा ब्लडप्रेसर, मधुमेह, अपच, निन्द्रा नलाग्ने, हृदयघात जस्ता विभिन्न शारीरिक तथा मानसिक रोगहरु उसलाई लाग्ने हुन्छ । यो मानसिक अवस्था धार्मिक र बाहिर, साथीसंगीहरुको बीच र परिवारमा दुःख नै दुःख बढाउँछ र सुख गायब हुन्छ । मानसिक दुर्बलताको परिणाम दुःख नै हो । यो उसलाई प्रतिक्षण अनुभव हुन्छ । यी समस्याहरुबाट बच्न उसले खतरनाक उपायहरु अपनाउँछ । टाउको दुःखाई, मदिरापन, धुम्रपान, लागुपदार्थ दुर्व्यसनमा फस्छन् । जसले गर्दा अझ नै उ दुःखी हुने गर्दछ ।

मानिसहरुले यो बुझ्दैनन् कि सबै सुख सुविधाहरु भएर पनि जीवन दुःखमय किन बनिरहेको छ ? यी कुराहरुले यो प्रमाणित हुन्छ कि मानिसहरुको मन विभिन्न विकारहरुले भरिपूर्ण छ । कहिले उसमा तीव्र अभिलाषा या आशक्ति उत्पन्न हुन्छ त कहिले क्रोध उसमा सवार हुन्छ । कहिले उ मोह लोभका वशमा जान्छन् भने कहिले ईर्ष्या मात्सर्यको शिकार बन्न जान्छ । कहिले कुनैपनि क्षणमा यी विकारहरु शुन्यमा झर्न पाएको हुन्न ।



**जन्म नै दुःख हो**

संसारमा यो स्पष्ट देखिन्छ कि मानव जीवन दुःखले भरिएको छ र यो अनुभवसिद्ध वास्तविकता हो । त्यसैले यस दुःखलाई राम्ररी जानीबुझी शान्त र अविचल चित्तले त्यसको गहराईमा गर्न, अत्यन्त राम्ररी निरिक्षण गरी यसका मूलभूत कारणहरुको पत्ता लगाई, त्यसलाई साक्षात्कार गर्नु नै दुःखको यथार्थदर्शन आर्यदर्शन गर्ने भनिन्छ । जन्म हुनु नै दुःख हो । जन्मेपछि जीवनमा अनेकाअनेक रोगव्याधीहरु आउँछ र अन्तमा बृद्ध अवस्था त छँदैछ । त्यसैले दुःख बढ्दै जान्छ र अन्तिममा मरण त अत्यन्त दुःखदायी त छ नै । अन्य कारणहरुले पनि दुःख उत्पन्न हुन्छ । आफूले चाहेको पूरा नहुनु, नचाहेके कुरा हुनु, मनपर्ने वस्तु या अवस्थासँग वियोग हुनु, अप्रिय वस्तु वा अवस्थासँग संयोग हुन्छ । चाहेको चीज प्राप्ति हुन्छ । यावत कुराहरुले गर्दा दुःख नै उत्पन्न गराउँछ ।

केवल मनुष्य मात्र नभई प्रकृतिका सम्पूर्ण जीवजन्तुको जीवन पनि दुःखदायी नै छ । पहिला दुःखको मूल कारणलाई खोज्नु छ, सम्झनु छ र त्यस कारणलाई हल गर्ने सही मार्ग अपनाउनु छ ।

## दुःख र दुःखका मूल कारण

**१. सबैकुरा परिवर्तनशील छ**

यो प्रकृतिको नियम हो कि प्रत्येक कुरा परिवर्तनशील छ । यो नै हाम्रो प्रमुख दुःख हो । भविष्य वर्तमान हुन्छ भने वर्तमान भूत हुनजान्छ । स्वाभाविक छ कि सुखको क्षणलाई हामी कायम राख्न चाहेका हुन्छौँ भने दुःखको क्षण मेटाउन ।

अनि हामीमा दुःख पैदा हुन्छ । प्रियसँग वियोग र अप्रियसँग संयोग दुवै दुःखदायी नै हुन्छ ।

**२. दुःखको वास्तविक स्वरुप**

दुःखको अर्को एउटा स्वरूप छ, असन्तोष । भविष्यप्रति उत्पन्न कामना, प्राप्त भएको कुराप्रति असन्तोष उत्पन्न गर्छ । यो जति प्रबल हुन्छ, त्यत्ति असन्तोष तीव्र हुन्छ र दुःख पनि त्यत्ति नै असह्य भई बृद्धि हुन्छ । जबसम्म कामना पूरा हुँदैन, तबसम्म असन्तोष हामीमा रहन्छ र दुःख रहन्छ । त्यसो भए के हाम्रो अनगिन्ती कामनाहरूको पूर्ति कहिल्यै सम्भव होला ? यो अत्यन्त कठिन प्रश्न हो किनकी यसको सीमा नै हुँदैन । मानिस अरूभन्दा प्रतिष्ठा वैभवले उच्च हुन चाहन्छ । सबै त कहाँ प्रतिष्ठा र वैभवले युक्त हुनसक्छ । यसले पनि हामी पत्ता लाउँछौं कि कामनाको अन्त्य नै छैन । यही कामना भन्नु नै तृष्णा हो । यसको पूर्ति नहुनु दुःख हो ।

जब कामना वा तृष्णाको वृद्धि हुन्छ अनि त्यसले गहन लालसाको रूप धारण गर्छ अनि गहन आशक्ति उत्पन्न हुन्छ र आशक्तिमा दुःख लुकिराखेको हुन्छ । सबैभन्दा बढी आशक्ति नै म र मेरो भन्ने भावना हो । तब मनमा अहंभाव या ममभाव उत्पन्न हुन्छ र मनलाई दुःख दिने गहन पीडाको रूप लिन जान्छ ।

## दुःखका प्रकारहरू

**१. दुःख**

यो साधारण दुःख हो । जुन प्रत्यक्ष देखिन्छ ।

**२. विपरिणाम दुःख**

परिवर्तनशीलताको दुःख । प्रियसँग छुट्नु, अप्रियसँग नै बस्नु । कसैले धोका दिनु । अप्रत्यक्ष दुःख । यो सूक्ष्म दुःख हो । जब सुख हुन्छ भुईमा खुट्टा हुँदैन तर जब दुःख आउँछ ।

**३. संस्कार दुःख**

संस्कारको अर्थ चित्तको चेतनाले उत्पन्न हुने सबै कर्मका फलस्वरूप आउने वस्तुहरू, व्यक्ति र स्थिति । यसलाई कर्मको फल पनि भन्न सक्छौं । भवचक्रमा फसिराख्ने ।

दुःखलाई त हामी सजिलै बुझ्छौं । विपरिणाम दुःख पनि सामान्य चिन्तन मननबाट हामी बुझ्न सक्छौं । तर संस्कारजन्य दुःखलाई सम्झन र जान्नका लागि सत्यको अत्यन्त गहिराईमा हुनु आवश्यक छ । त्यसैले यी तीन प्रकारका दुःखहरूमध्ये सर्वाधिक सूक्ष्म यही नै हो । विपश्यना साधनाबाट मात्रै नै तीन दुःखको साक्षात्कार गर्न सक्छौं ।

## सुख दर्शन किन हुँदैन ?

वास्तविक स्वभाव भनेकै दुःख हो । सकारात्मक हुनु भनेकै भ्रममा बाँच्नु हो । समस्यासँग जुटी सामना गरी त्यसको गहिराईमा पुग्नुपर्दछ । तब गहिराईमा पुगिन्छ जब समाधान पत्ता लगाउँछौं । दुःखको सामना गर्न त्यसको गहिराईमा गई नै त्यसको सम्यक दर्शन गर्नु आवश्यक छ ।

## दुःखबाट छुटकारा पाउने उपाय

कुनै पनि कुराको परिवर्तनशीलतालाई बुझ्नु । विपरिणाम दुःखलाई देख्नु । चित्तलाई एकाग्र पार्नु । समतामा बस्नु । वैज्ञानिकहरूले पाएका सफलताका उदाहरणहरू । सबै आविष्कार चित्तको एकाग्रकै परिणाम हो । एकाग्र चित्त गर्नु मै यश लुकिराखेको हुन्छ । भौतिक समृद्धिबाट टाढिनु पर्दैन ।

## दुःखको दर्शन नै आर्य दर्शन

हामी दुःखी हुनुको मुख्य कारण असंतुष्ट । असन्तुष्ट हुनु नै तृष्णाको कारण हो र तृष्णा नै दुःखको मूल कारण हो । जब दुःख आउँछ, त्यसलाई विना उत्तेजित भई शान्त र स्थीर चित्तले त्यस दुःखको मूललाई समाए आफ्नो तृष्णाको आशक्तिको दर्शन गर्नु हो, यो दोस्रो आर्यसत्य साक्षात्कार गर्नु हो ।



# Dirty Controversy about Kapilvastu



✍ H.L. Singh

Many great men, writers and distinguished people have expressed their concern about the sanctity of Lumbini, being the birthplace of the Buddha. Edwin Arnold, the author of the poem *Light of Asia*, who was and is still regarded as a great Buddhist thinker, wrote:

*"One of the greatest of the epoch-making events in the spiritual history of mankind was marked when the "Light of Asia" was set out brightly in the central part of India, or, in other words, when the spring of Great Wisdom and Compassion gushed up there, which, in the course of time, has come to enrich the human mind through and over many centuries to follow up to the present day."*[1]

There is a good deal of writings intended to establish connection of Kapilvastu with Koshala of India to the extent of saying that Kapilvastu was under Koshala. Sukumar Dutt, the author of *Buddhist Monks and Monasteries of India, wrote:* "We must not forget that the Sakiya country, at least, which Buddhism arose, stretched up into the lower slopes of the Himalayas. And in the seventh century B.C. the most powerful Kingdom was the Northern Kosala, whose capital lay under the hills, and whose power mainly depended on the mountaineers drawn from its vicinity".[2]

Sukumar Dutt also said that "He who brought Lumbini out of the mist of legends into the light of topography was no other than Emperor Asoka".[3]

Another Indian writer Dr. Nanda Kishore Devraj wrote: "The Buddha was born in 623 B.C. His father Shuddhodana, who was a king of solar dynasty under Koshala, was the chief administrator of the Shakya republic".[4]

In the same light, the book *2500 years of Buddhism mentioned, "i*t was the seventh century before the Christian era. The civilized part of India was divided into sixteen realms, eight of which were Kingdoms and the remaining republics. Among the kingdoms the most powerful were Magadha and Kosala. The little Shakya republic was ruled by the king of Kosala who received tribute from the former. The Shakyas were of the Kshatriya solar race and called themselves rajas. In the middle of the century, their chief Shuddhodana had his capital at Kapilvastu".[5]

Among the sacred places of Buddhism, Lumbini where the blessed One was born must inevitably come first. It has been identified with the site of Rummindei in the Nepalese Terai. As the birthplace of the Buddha, the site grew in sanctity and importance....... Of course, there still stands at the site a pillar engraved with an inscription commemorating the great Ashoka's pilgrimage to this place in the twentieth year after his consecration. "Here the Buddha was born", says the emperor, and this statement proves the identity of the sanctified spot beyond any doubt".[6]

The British writer John Snelling shared the above view in the following words: The man who was to become the Buddha was born about 563 BC of Kshatriya stock at a place called Lumbini. This is situated in the Terai region of what today is the Kingdom of Nepal, immediately below the Himalayan foothills on the northern edge of the plain of the River Ganges, due north of the holy city of Baneres. He was given the name Siddhartha and took the clan-name Gautama. His father, Shuddhodana, has been variously described as the King or leader of a local people known as the Shakyas or even just as a prominent citizen of Kapilvasthu, the Shakyan capital. The Shakyas were in fact just of a number of more or less independent peoples then inhabiting this part of northern India who were politically organized into tribal republics ruled by elected aristocracies".[7]

John Snelling also cleverly noted that "Nepal can claim the supreme Buddhists accolade of being technically the Buddha's birthplace. Lumbini, which lies just inside its southern frontiers, is one of the four great pilgrimage-places for Buddhists".[8]

Writing on the Chinese pilgrims' view about Lumbini, Indian writer Avadesh Singh said that Chinese pilgrims have mentioned that Gautam Buddha was born in Lumbini forest close to

Kapilvastu, the capital of Shakyas. It is worth mentioning that the Lumbini forest was 8 miles far south of the capital. Hiuen Tsang has written that Shuddhodana was the king of Kapilvastu, who was dependent on the king of Koshala.

The Japanese writer Nikkyo Niwano was misinformed when he said "The historical Buddha, the founder of Buddhism, was born in north-eastern India about twenty-five hundred years ago.... Shuddhodana was the ruler of the Shakya state - which, as was the custom in India at that time, was known by the name of the ruling tribe, rather than by the name of the land it occupied. The state of the Shakyas was a small country extending from the northern border of India into what is now southern Nepal. The remains of its capital city, Kapilvastu, and the palace in which the Buddha grew up still survive to remind us of the days when the land of the Shakyas was a vital minor state in northern India".[10]

**Controversy over Kapilvastu**

That Gautam Buddha was born at Lumbini of Kapilvastu is a historical fact. Kapilvastu named after saint Kapila (early 6th century B.C.) was known not only as the home city of the Buddha, but was also known for its rich cultural heritage and natural splendors.

The hermitage of saint Kapila was on the side of the Bhagirathi river (which is now called Banganga). When King Bimbisara of Magadha asked the Buddha his birthplace, the Buddha said that it was the place from where the Himalayas could be seen. This shows that Kapilvastu was a full-fledged city gifted with natural beauties. Later, it was destroyed and due to neglect and natural wear and tear, identification of it became difficult.

Against this historical background, there are some attempts to distort this fact claiming that Kapilvastu is Piprahawa located in Uttar Pradesh, India. Sometime ago, Indian newspaper *Aaj* published a news headlined "Piprahawa in India is Kapilvastu, the home of Gautam Buddha." In the past, too, there were attempts by Indian scholars to establish that the Buddha was born in India and that the Buddha was an Indian. In books and other writings originating from India, there are numerous mentions of this claim. As a result of this claim, a vast population of the western world was misinformed that the Buddha was born in India. The Buddha was also called the ninth incarnation of Lord Vishnu. Because of the largeness of size, India has a great advantage over Nepal. The government of Uttar Pradesh is making maximum use of this advantage.

It is true that Gautam Buddha attained Enlightenment at Bodhgaya, Bihar, did *Dharmachakraparivartana* (turning the wheel of the doctrine) at Sarnath, a site near Benares, and passed away at Kushinagara in the Kasia district of India. This fact provided enough strength to the Indian scholarship to push ahead their claim. Since India was and is still a window of oriental culture and civilisation to the western world, it is but natural that Indian writings and literature should make a tremendous influence all over the world.

The main attraction of the Indian claim is the popularity of Buddhism. Even great Indian scholars were tempted to call the Buddha an Indian. K.M. Munshi and R.R. Diwakar wrote: "……….in 543 B.C. in Lumbini in Nepal's Western Terai, he was born of an ancient Indian prince five centuries before Jesus. His father ruled the tribe of Shakyas under the shadow of the Himalayas".[11]

D. Servepalli Radhakrishnan wrote: "The Buddha did not tell that he was announcing a new religion. He was born, grew up, and died a Hindu."[12]

Inspite of the above statements about Kapilvastu, the Shakya tribe to which the Buddha belonged to, the location of Kapilvastu in the Himalayan mountain range, and Kapilvastu was made a subject of controversy. There is no controversy about Lumbini, the pillar erected by Ashoka in 249 B.C., events of the Buddha's birth, childhood, renunciation, attainment of *Nirvana* and finally *Parinirvana.* Kapilvastu was referred to as the city where King Shuddhodhan reigned. It is a historical fact that the Buddha came to Kapilvastu after the attainment of Enlightenment, met his father, wife Yashodhara and son Rahula. The visit of Emperor Ashoka, Chinese prilgrims Fa Hsein in 403 A.D. and Hiuen-tsang in 636 to Kapilvastu, all the three from the Indian territory, and the accounts available from both the Chinese prilgrims found Kapilvastu in complete ruins. Hiuen Tsang wrote that the palace of King Shuddhodana was "in utter ruins" with some of its parts converted into monastries and occupied by the monks of the Hinayana faith. The controversy that Piprahawa is ancient Kapilvastu was raised in 1971 by Director of the Piprahawa expedition and archaeologist K.M.

Srivastava. He made this claim on the basis of the discovery of an 'original' casket with the relics of the Buddha. The story of the destruction of Kapilvastu by Prince Virudhaka also called Vidudabha, son of Prasenjit, around 545 B.C. is a genuine story recorded in history. After the destruction of Kapilvastu, the Shakyas of that place went to different places......... some to Rajgriha and Vaisali, some to Vedi.............., and others fled to Piplival (Piprahawa) where the Sakyas were afterwards known as Maurya. [13]

The most important event in the history of Kapilvastu was the massacre of its citizens and the sack of the city by King Virudhaka of Kosala in B.C. 545. Virudhaka entered the town at the time of a truce and began killing the inhabitants washing the stone slabs of the Assembly Hall (*Santhagara)*, where he was humiliated. When Lord Buddha visited Kapilvastu, after its destruction, he was ill with a headache. Ananda, the disciple of the Buddha, was also greatly shocked seeing the city like a cemetery. [14] When Ajatasatru of Magadha heard this, the same year he attacked over Kosala, burnt Virudhaka and his minister Ambarisha alive and annexed both Kosala and Kapilvastu in his dominion. [15]

It is said that after the revival of Hinduism and after the emergence of Gupta rulers, Shakyas, Kapilvastu and Buddhism suffered a setback and the importance of Kapilvastu declined. The once prosperous and shining Kapilvastu was neglected. And, in course of time, due to this negligence, Kapilvastu was nearly forgotten. But, this argument is less convincing. The destruction of Kapilvastu by Virudhaka is a concrete evidence of the disappearance of Kapilvastu.

According to scholar Bhuwan Lal Pradhan, the Indian government's motive in identifying Piprahawa as ancient Kapilvastu is worth suspicions as well as baseless. It is Tilaurakot which is ancient Kapilvastu. There are still the remains of ancient monuments, structures like stupas, monasteries, etc. The remains of the palace of King Shuddhodana, old coins found there and the presence of the Banganga river known in the past by the name of Bhagirathi are living proofs of the authenticity of Tilaurakot as ancient Kapilvastu.

The claim made by the Uttar Pradesh government based on the discovery of a casket with the relic of the Buddha and the terracotta seals and structural remains is motivated by factors other than the cultural and archaeological ones. Besides this propaganda, the government of Uttar Pradesh has undertaken construction works to give a face-lift to Piprahawa and to win recognition for Piprahawa as ancient Kapilvastu. Naugadh district of Uttar Pradesh was renamed Kapilvastu district some years ago. Besides this, some places of Uttar Pradesh have been renamed Siddhartha Janapath. Thus, it is evident that the Uttar Pradesh government's move has been calculated towards seeking recognition of Piprahawa as ancient Kapilvastu.

Even before the discovery of the Lumbini pillar by Dr. A. Fuhrer, efforts had been made to study about the archaelogical treasures in Nepal and India. Charles Allen writes: "Vincent Smith, a Trinity College Dublin man, son of a well-known Anglo-Irish numismatist and archaeologist, ....read many times over the latest translations of the Indian travels of Fa Hian, Huan Tsang and others. While serving as magistrate of the town of Basti, about a hundred and twenty-five miles north of Benares, he thoroughly explored the surrounding countryside - and came to the conclusion that many of Cunningham's identifications of Buddhist sites in the plains country south of the Himalayan hills of Nepal were wrong. In 1885 Mr. Duncan Ricketts, manager of an estate whose lands extended to the Nepalese border, came to him with news of a stone pillar sticking up out of the ground about five miles north of his bungalow, well inside Nepalese territory. It was inadvisable for a British official to tresspass across the frontier, so Smith asked for a rubbing to be made of the inscriptions on the pillar. They were identified as 'medieval scribbling', so Vincent Smith left the matter there. It was probably the greatest mistake he ever made. [17]

Like Vincent Smith, Dr. Lawrence Austine Waddell pored over Cunningham's Archaelogical Survey Reports and came to the conclusion that Cunningham had got a lot wrong, particularly in his siting of the places associated with Gautam Buddha's birth and death. [18]

For many years past, Waddell later wrote, "I had been devoting a portion of holidays to a search for this celebrated ancient site- Kapilvastu as well as for that of the Buddha's death - Kusinagara ever since I had realised that General Cunningham's identification of the villages of Bhuila and Kesia with those sites was clearly altogether false. [19]

Against this historical background, there are some attempts to distort the fact that the Buddha was born in India claiming that Kapilvastu is Piprahawa which is located in Uttar Pradesh, India. There were attempts by Indian scholars to establish that the Buddha was born in India. In books and other writings originating from India, this claim has been made.

As a result of this claim, a vast population of the western world was misinformed that the Buddha was born in India. An effort in this direction had already been made in the past. Because of the largeness of the size of territory, the vast academic settlements and the numerous communication networks existing in India, India has a great advantage over Nepal as far as publicising India as the birthplace of the Buddha is concerned.

The fact that Gautam Buddha attained enlightenment at Bodhgaya in Bihar, delivered the first sermons at Sarnath, a site near Benares and passed away at Kushinagar in India provided enough strength to the Indian scholarship to push their claim ahead.

Prof. A.T.D.E Perera of Sri Lanka who made a study of Kapilvastu wrote, Kapilvastu, according to Hsuan Tsang had the circuit of 4,000 li (equivalent to 664 miles). Hence, the argument put forward in favour of the tiny village of Piprahawa as representing the whole territory of the Shakya republic by an official in the service of the Department of Archaeological Survey of India carries little sense. As a matter of fact, it was the same department itself which after an intensive study of concerned areas declared at the close of the last century that Kapilvastu of Buddha's days is represented as today's Tilaurakot region of Nepal. [20]

Mr. Perera said further: "The search for the lost site of Kapilvastu, as mentioned above, was intensified only after the discovery in 1898 of Peppe's relic-casket from the stupa at Piprahawa. The case of Piprahawa was then under full consideration, but it has to be rejected in the light of newer buildings. Then was focused scholars' attention on Tilaurakot. It was extensively explored and parts of it were even excavated. An exhaustive study of Buddhist texts, travel accounts of the Chinese travellers, new find from Tilaurakot and all other relevant materials was made. Only thereafter experts working under the Department of Archaelogical Survey of India jointly arrived at the conclusion that Tilarurakot was Kapilvastu. Thus scientifically was this fact established, and it came to be universally recognized with no ground for controversy".[21]

Therefore, Perera says that the official of Indian Department of Archaeology K.M. Srivastava who said that Piprahawa was Tilaurakot was baseless.

This claim was covered by Indian newspaper *The Indian Express* on April 13, 1973. On Jan, 24, 1976, the *Time of India* wrote, "Scholars held for a long time that Tilaurakot was Kapilvastu even though there was no solid archaeological evidence to do so. The basis for this erroneous belief (i.e.Tilaurakot is Kapilvastu) was the account given by the Chinese pilgrims...

In 300 A.D. Fa Hien went from Kapilvastu to Lumbini .............. In 629 Hien (Hisuan) Tsang also went from Kapilvastu to Lumbini.

K.M. Srivastava once again wrote in the *Illustrated Weekly of India* on May 16, 1976, "The ................. indication of Piprahawa being the site of ancient Kapilvastu was furnished by the Chinese traveller FA Hsien. According to his record Lumbini should be nine miles east of Kapilvastu ............. The difference supposed by the scholars between the distance recorded by Fa Hsien and Hsuan Tsang was unwarranted.

The news item also carried a photograph displaying the structural remains traced around the stupa at Piprahawa under the title "A scene of Vihara found in the excavation in Piprahawa." Similarly, the Indian Hindi periodical *Dharmayug* also printed a photograph showing the remains of the palace of Shuddhodana, the father of Gautam Buddha in May 1973.

The above claims sadly expose that the archaelogist K.M. Srivastava was quite ignorant of the distance between Lumbini and Piprahawa. The actual distance between the two places is nearly ten miles. Also, the dates given by him about the visits of Fa Hsien and Hsuang Tsang to the region of Kapilvastu are hopelessly wrong. As noted above, the conclusion that Tilaurakot was Kaiplvastu was based on the archaeological and other evidences and on a joint decision of a group of experts. It is ridiculous that one single individual should challenge the views of a group of experts and denounce the entire previous work without any concrete evidence. [22]

*to be continued in next issue....*

# बौद्ध गतिविधि

## नयाँ भवन निर्माण हुने

श्रावण ३० गते । सिद्धार्थ बौद्ध समाजद्वारा पुष्प कीर्ति बुद्ध विहार सिद्धार्थ नगर भैरहवामा भवन निर्माण गर्न भिक्षु शील प्रभाकरबाट शिलान्यास कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा समाजका अध्यक्ष कविन्द्र वज्राचार्यले स्वागत मन्तव्य तथा भवन निर्माणसम्बन्धी जानकारी दिनुभयो । भिक्षु शील प्रभाकरले परित्राण सूत्र, पञ्चशील प्रार्थना गराउनु भयो । उक्त भवन निर्माण गर्नुको कारण लुम्बिनीमा पाल्नु हुने बौद्ध भिक्षु, आनागारिका, उपासक, उपासिकाहरू गाडीहरू नपाउँदा, बन्द हुँदा भारतमा बौद्ध धाममा जान ढिलो भएको अवस्थामा यस विहारमा बास बसेर जाने भएकोले विहारमा कोठाहरू पनि नभएको कारणले करीब (८ लाख) को लागतमा विहार निर्माण गरिने जानकारी सिद्धार्थ बौद्ध समाजका सचिव सुवर्ण मुनि शाक्यले जानकारी गराउनु भयो । हाल यस विहारमा वर्षावास बस्न भिक्षु शिल प्रभाकर जानु भएको छ ।

## अमृतानन्द गुणानुस्मरण दिवस

भाद्र ५ गते । श्रीघःज्ञानमाला भजन खलःको आयोजनामा दिवंगत भिक्षु आचार्य डा. अमृतानन्द महास्थविरको १९ औं गुणानुस्मरण दिवस मनाइयो ।

उक्त कार्यक्रममा नेपाल राष्ट्रिय ज्ञानमाला समितिका प्रमुख सल्लाहकार शान्तरत्न शाक्य, श्रीघः ज्ञानमाला भजन खलःका अध्यक्ष रामरत्न तुलाधर र सचिव अमिरमान शाक्यहरूले दिवंगत भन्तेको विषयमा आफ्नो मन्तव्य व्यक्त गरेका थिए ।

## तानसेनमा अमृतानन्द स्मृति दिवस

भाद्र ६ गते । करूणा बौद्ध संघले बुद्ध विहार होलाङ्दी तानसेनमा आचार्य भिक्षु अमृतानन्द महास्थविरको १९ औं स्मृति दिवस धार्मिक कार्यक्रम गरी सम्पन्न गरेको छ । ज्ञानमाला भजन, बुद्धपूजापछि बुद्ध विहारको धम्म सभा हलमा भिक्षु धम्मज्योतिको प्रमुख आतिथ्य र करूणा बौद्ध संघको अध्यक्ष छत्रराज शाक्यको अध्यक्षतामा भएको स्मृति दिवस कार्यक्रममा परित्राण पाठ गरियो । वि.स. २०६१ मा सोही विहारमा स्थापित भिक्षु अमृतानन्दको अर्द्धकदको सालिकमा दीप प्रज्वलन र पुष्प अर्पण पनि गरियो । तानसेनमा जन्मनुभएका भिक्षु अमृतानन्द महास्थविरको जीवनी, नेपाल र विश्व बौद्ध जगतमा उहाँको योगदानको चर्चा गर्दै, नेपालमा थेरवाद बुद्ध धर्मको पुनरूत्थान र विकासमा भिक्षु अमृतानन्दको अतुलनीय योगदानबारे सभामा चर्चा भयो । भिक्षु धम्मज्योतिबाट धर्मदेशना, ज्ञानमाला संघका अध्यक्ष राजेन्द्र मुनि शाक्य, बौद्ध महिला समितिका अध्यक्ष सुश्री सुमना शाक्य र धर्मचक्र युवा संघका अध्यक्ष उत्पल कुमार वज्राचार्यले श्रद्धाञ्जली मन्तव्य व्यक्त गर्नुभयो । स्वागत भाषण उपाध्यक्ष विश्वमान वज्राचार्य र कार्यक्रम संचालन सचिव मदन लाल वज्राचार्यबाट भएको थियो ।

## बौद्धजगत्का स्मरणीय व्यक्तिहरू भाग-३ प्रकाशित

भाद्र १० गते । नेपाली थेरवादी बुद्धशासनिक क्षेत्रमा युवाहरूलाई समेटी शासनिक कार्य गरिदै आएको सुखी होतु नेपालको व्यवस्थापनमा बौद्ध जगत्का स्मरणीय व्यक्तिहरू भाग-३ प्रकाशित भएको छ । अघिल्ला दुई वटा भाग लेख्ने लेखक रत्नसुन्दर शाक्यकै पहलमा यो पुस्तक तयार भएको हो ।

यस पुस्तकमा जम्मा १८६ पृष्ठ रहेको छ भने यसमा जम्मा १८ जना व्यक्तित्वहरूको जीवनी प्रस्तुत गरिएको छ । यो पुस्तकको प्रकाशन दलबहादुर श्रेष्ठको परिवारबाट भएको हो ।

## पनौतीमा बौद्ध जागरण

भाद्र १७ गते । युवा बौद्ध समूहको पहलमा पनौतीस्थित काशीवर्ण बुद्धविहारमा बौद्ध जागरण कार्यक्रम भिक्षु शिवलीको नेतृत्वमा सम्पन्न भएको छ ।

पूर्व मेयर सप्तरत्न बुद्धाचार्यको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा त्रिरत्न मानन्धर, मदन बहादुर तुलाधर, हर्षमुनी शाक्य लगायतले विभिन्न विषयमा मन्तव्य राखेका थिए ।

## आनन्दकुटीमा बुद्धपूजा र धर्मदेशना

भाद्र १९, स्वयम्भू, काठमाडौं । प्रत्येक पूर्णिमाको दिन आनन्दकुटी विहार, स्वयम्भूमा नियमित रूपमा हुँदैआइरहेको बुद्धपूजा र धर्मदेशनाको कार्यक्रम भाद्रपूर्णिमाको दिन सम्पन्न भयो । सोही विहार प्रमुख भिक्षु कुमारकाश्यप महास्थविरज्यूबाट बुद्धपूजा संचालन र शीलप्रदान गर्नुभयो भने भिक्षु कोण्डन्यले **"अन्तो जटा बहि जटा"** भन्ने गाथामा आधारित धर्मदेशना

गर्नुभयो । विहान ज्ञानमाला भजन खलः स्वयम्भूबाट ज्ञानमाला भजन गरेर आरम्भ भएको उक्त कार्यक्रममा समस्त भिक्षु, अनागारिका र उपासकउपासिकाहरूलाई जलपान र भोजन व्यवस्था गरिएको थियो र यस वर्ष यो विहारको कठिन उत्सव कार्तिक १४ गते हुने भएको छ ।

## मेत्ता सेन्टरको ९औं वार्षिक सभा सम्पन्न

भाद्र १९ । नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरको समुपस्थितिमा मेत्ता बाल आश्रम केन्द्र, बनेपाको ९ औं वार्षिक कार्यक्रम सम्पन्न भएको छ । सेन्टरका अध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविरको सभापतित्वमा संचालित सो कार्यक्रममा सचिव भिक्षु राहुल महास्थविरले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । मलेशियाली अतिथिहरूको समेत उपस्थिति रहेको सो कार्यक्रममा भिक्षु अश्वघोष महास्थविर, डा. सुरेन्द्र बहादुर बादे, आश्रमका तीनजना बालिकाहरूले मन्तव्य व्यक्त गर्नुभयो । उपाध्यक्ष पियरत्न महर्जनले स्वागत गर्नुभएको सो सभा सहसचिव विरेन्द श्रेष्ठले संचालन गर्नुभएको थियो । मेत्ता सेन्टरको भवन निर्माण गर्न सहयोग गर्ने दाताहरूलाई धार्मिक उपहार प्रदान गरिएको थियो ।

## पुस्तक विमोचन

भाद्र ३० गते । बुद्ध बिहार, भृकुटिमण्डपमा भक्तलाल चित्रकार उपासकको जन्मोत्सवको उपलक्ष्यमा संघ उपनायक भिक्षु अश्वघोष महास्थविर लगायत भिक्षु संघको समुस्थितिमा पंचशील, बुद्धवन्दना परित्राण पाठ सम्पन्न भयो । भिक्षु कोण्डन्यले धर्मदेशना गर्नुभएको सो कार्यक्रममा, शिशिल चित्रकारले त्रिभुवन विश्व विधालयमा पोष्ट ग्राज्युयट डिप्लोमा इन् बुद्धिज्मको अध्ययनको क्रममा पेश गर्नुभएको चरित्र निर्माणमा बुद्ध धर्मको भूमिका तथा समय समयमा सन्ध्या टाइम्स (नेपाल भाषा) पत्रिकामा प्रकाशित लेख संग्रहलाई राज्य्य विवेक दयमाः (राज्यमा विवेक हुनु पर्दछ) नामक नेपाल भाषाको गरी दुइवटा पुस्तक संघ उपनायक भिक्षु अश्वघोष महास्थविरबाट बिमोचन कार्य सम्पन्न भयो । भिक्षु अश्वघोष महास्थविरले उपदेश गर्नुभएको सो कार्यक्रममा लेखक शिशिल चित्रकारले छोटो मन्तव्य व्यक्त गर्नुभयो

## पुग्गलपञ्ञत्ति नेपालीमा प्रकाशित

३ आश्विन । त्रिपिटकअन्तर्गत अभिधर्मपिटकको एक महत्वपूर्ण ग्रन्थ पुग्गलपञ्ञत्ति (पुद्गल प्रज्ञप्ति) नेपाली भाषामा अनुदित भएको छ । एक धार्मिक समारोहबीच धर्मकीर्ति विहारका प्रमुख अनागारिका धम्मवतीबाट विमोचित सो ग्रन्थ अभिधर्म अध्ययन समाजले प्रकाशित गरेको हो । तीर्थरत्न शाक्यले नेपालभाषाबाट अनुवाद गर्नुभएको सो कृति बारे भिक्षु कोण्डन्यले समीक्षा गर्नुभएको सो कार्यक्रम समाजका अध्यक्ष प्रेमलाल चित्रकारको अध्यक्षतामा सम्पन्न भएको थियो । स्मरण रहोस् सो प्रकाशित कृति नेपाल भाषामा भिक्षु धर्मगुप्त महास्थविरले अनुवाद गर्नुभएको थियो ।

## 'बुधर्म र व्यक्तित्व विकास' विषयक प्रशिक्षण सम्पन्न

४ आश्विन । सिरिकित्ति बौद्ध केन्द्र तथा सुखी होतु नेपालको संयुक्त पहलमा बुद्धविहार भृकुटीमण्डपमा तीन दिने "बुधर्म र व्यक्तित्व विकास" विषयक प्रशिक्षण सम्पन्न भएको छ । बुद्ध, धर्म र संघ, बुद्धधर्मका विशेषताहरू, बुद्ध-जीवनी, दशपारमिता, चतुरार्यसत्य, विनय र शील, विपस्सनाध्यान र समथध्यान, बौद्ध साहित्यको परिचय, प्रतीत्यसमुत्पाद, बुद्धधर्ममा नारीहरूको स्थान, नेपालमा थेरवादको विकास आदि विषयहरूमा जानकारी गराउन आयोजित तीनदिने प्रशिक्षण शिविरमा भिक्षु कोण्डन्य, भिक्षु निग्रोध, अनागारिका अग्गञाणी, डा. केशब मान शाक्य, डा. मोहन दास मानन्धर, मदनरत्न मानन्धर, त्रिरत्न मानन्धर, अमिता धाख्वा, सविता धाख्वाले प्रशिक्षण दिनुभयो ।

जताततै अशान्त व्याप्त एवं आपसी सौहार्द्रतामा कमी, हिंसात्मक एवं अराजक प्रवृत्ति छाउँदैगइरहेको यस परिवेशमा मानिसहरू सुखशान्तिपूर्वक बाँच्न चाहेर पनि संत्रस्त एवं भयभित तवरमा बाँचिरहेका छन् । यस्तो असहज र विषम परिस्थितिको निवारणार्थ विश्वजनमानसमा बुद्ध-शिक्षा (धर्म) प्रति दिनप्रतिदिन नजिकिंदै अगाडि बढिरहेको तथा सुखद् शान्तिपूर्वक जीवन र मैत्रीपूर्वक जिउनका लागि विश्वज्योति भगवान् बुद्धद्वारा निर्दिष्ट शान्तिपूर्ण उपदेशबाट मात्र सम्भव रहेको छ भन्ने विचार समापन समारोहमा प्रशिक्षार्थीहरूले अनुभव बताउनुभयो । स्नातकोत्तर उत्तीर्ण भई GO, NGO, INGO संग सम्बन्धित विकास क्षेत्रमा कार्यरत, ३ वर्ष कार्य गरिसकेकाहरूका लागि उद्देश्य राखी संचालित सो प्रशिक्षण बारे कान्तिपुर दैनिकमा खुल्ला रूपमा विज्ञापन आह्वान गरी प्रतिव्यक्ति १५००।- (पन्ध्रसय, ३ दिनको खाना, खाजा, पाठ्यपुस्तक र स्टेशनरीको लागि मात्र) शुल्क निर्धारण गरिएको थियो ।